
# नेपालमा यातना सन् २०१४

## निरन्तरता कायमै




जुन २६, २०१५

ADVOCACY FORUM

एड्भोकेसी फोरम - नेपाल

सहयोग

EUROPEAN UNION

# नेपालमा यातना
# सन् २०१४

निरन्तरता कायमै

# नेपालमा यातना सन् २०१४

## निरन्तरता कायमै

जुन २६, २०१५

एड्भोकेसी फोरम - नेपाल

**नेपालमा यातना सन् २०१४ : निरन्तरता कायमै**

पहिलो प्रकाशन २०७२ (सन् २०१५)
सर्वाधिकार © एड्भोकेसी फोरम

***प्रकाशक***
एड्भोकेसी फोरम - नेपाल
नयाँ बस्ती, बालुवाटार-४
काठमाडौं, नेपाल
पो.बक्स : २१७९८
टेलिफोन : #०१-४४१२३४९/४४२५५६१ फ्याक्स : #०१-४४३२३०९
इ-मेल : info@advocacyforum.org.np
www. advocacyforum.org

आवरण डिजाइन तथा ले-आवट : किशोर प्रधान
आवरण दृष्टान्त : सुशील थापा
काठमाडौं, नेपालमा मुद्रित

# विषयसूची

**प्राक्कथन** vii
**कार्यकारी सारांश** १

**१. परिचय** ५
**२. अध्ययन विधि** ७
**३. नेपालका थुना केन्द्रमा यातनाका प्रवृत्ति** ९
क. नेपालका थुना केन्द्रमा यातनाका समग्र प्रवृत्ति ९
यातनाका तरिका ११
ख. जिल्ला अनुसार यातना दर ११
घटना विवरण : बाँके १४
घटना विवरण : काठमाडौं १६
ग. आरोपअनुसार यातनाका दर १६
घ. जात/जातीयताका आधारमा यातना २०
**४. जोखिमयुक्त समूहमा यातनाका प्रवृति** २३
क. लैङ्गिकताका आधारमा यातना २३
घटना विवरण : सीताको कथा २३
ख. नाबालकमाथि भएको यातना दर २५
घटना विवरण : राजेन्द्र र अञ्जय २७
**५. यातना सम्बन्धी विधेयक** २९
क. यातनासम्बन्धी अन्तर्राष्ट्रिय दायित्वहरू ३०
ख. विधेयकका सकारात्मक पक्ष ३१

ग. संशोधनका प्राथमिकता ३३
(अ) उजुरी हाल्ने (धारा १३) तथा अभियोग दर्ता (धारा ३१) गर्ने हदम्यादलाई बढाउनुपर्छ ३३
(आ) दण्डसजायका प्रावधानलाई दिगो बनाउनुपर्छ (धारा २२) ३५
(इ) क्षतिपूर्ति रकमको हद तोक्ने प्रावधानको खारेजी (धारा २३) ३६
(ई) गलत उजुरी हाल्ने सम्बन्धीप्रावधान बदर गर्नुपर्छ (धारा ३४) ३७
(उ) “असल नियतवश” गरेको भनी संरक्षण गर्ने कार्य हटाउनुपर्छ (धारा ३५) ३८
घ. न्यायप्राप्तिका दौरान आउनसक्ने तगारालाई सम्बोधन गर्ने सम्बन्धमा सुझाव गरिएका थप प्रावधान ३९
यातनासम्बन्धी क्षतिपूर्ति ऐन ४१
**६. प्रहरीद्वारा प्रक्रियागत सुरक्षाउपाय पालन** ४३
क. पक्राउका कारण ४३
ख. २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष प्रस्तुत गर्ने ४५
ग. आफ्नोविरुद्ध साक्षी बन्न कर नलगाइने अधिकार ४८
घ. थुनामा जानुअघि र थुनामुक्त भएपछि स्वास्थ्यजाँचको अधिकार ५०
**७. निष्कर्ष** ५३

**परिशिष्ट** ५५

# प्राक्कथन

सन् २००१ मा स्थापना भई निरन्तर मानवअधिकारको रक्षा र प्रवर्द्धनका लागि काम गरिरहेको गैरसरकारी संस्था एड्भोकेसी फोरमले प्रत्येक वर्ष २६ जुनमा संयुक्त राष्ट्रसंघीय अन्तर्राष्ट्रिय यातना पीडितको सहयोग दिवसका अवसरमा यातनासम्बन्धी वार्षिक प्रतिवेदन प्रकाशित गर्दै आइरहेको छ। यस प्रतिवेदनले सन् २०१४ मा भएका यातना तथा दुर्व्यवहारका प्रवृत्तिको अभिलेखीकरण गरेको छ।

नेपालमा द्वन्द्वपछिका वर्षमा यातनाका प्रवृत्तिमा कमी आएको देखिएको छ जुन उत्साहजनक प्रगति हो । तर पनि १६.२% थुनुवाहरूले प्रहरी हिरासतमा यातना तथा दुर्व्यवहार भएको गुनासो गर्नुले गम्भीर अवस्थाको संकेत गरेको छ। यसले प्रहरी संयन्त्रमा सुधार, यातना रोकथामका लागि अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्ने गरी नीतिगत सुधार, फौजदारी न्यायप्रणालीका सरोकारवालालाई निरन्तर तालिम र संवेदनशील बनाउने कार्यक्रमहरू र यातना रोकथामका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकारवादी संघसंस्थाहरूको रचनात्मक सहभागिता हुनु जरुरी छ। समग्रमा यस प्रतिवेदनले संसदमा अड्किएर रहेको यातनालाई फौजदारी अपराध गर्ने यातना सम्बन्धी विधेयकलाई शीघ्रातिशीघ्र पारित गर्ने प्रक्रियालाई तीव्र बनाउने छ भन्ने विश्वास लिएको छु।

यो प्रतिवेदन तयार पार्नु हुने लुईस मक्निल, ओम प्रकाश सेन ठकुरी र रिड्रेस ट्रस्टकी साराह फुल्टनलाई धन्यवाद दिन चाहन्छु। उहाँहरूको मिहिनेत र लगनशीलता बिना यो प्रतिवेदन तयार हुन सम्भव थिएन। सधैँजस्तो यस प्रतिवेदनमा महत्वपूर्ण सुझाव दिनुहुने र सम्पादन गर्नुहुने इन्ग्रिड मसाजेलाई पनि धन्यवाद दिन चाहन्छु। यस प्रतिवेदनलाई नेपालीमा अनुवाद गर्नुहुने विन्देश दहाल र सचि रिजाललाई धन्यवाद। साथै हाम्रा तथ्याङ्क अधिकृत बबिन पोखेललाई पनि धन्यवाद।

एड्भोकेसी फोरमको यातना रोकथाम गर्ने रणनीतीक योजनाअनुरूप नियमित रूपमा प्रहरी हिरासतहरूको भ्रमण गरी तथ्याङ्क संकलन गर्नु हुने कर्मचारीहरूलाई धन्यवाद । थुनुवाहरूलाई वकिलसमक्ष पहुँच दिने र एएफका कानुन व्यवसायीहरूलाई थुनुवालाई भेटी निःशुल्क कानुनी सहायता प्रदान गर्ने वातावरण उपलब्ध गराउने सम्पूर्ण प्रहरी कार्यालयहरूलाई धन्यवाद दिन चाहन्छु । त्यसैगरी प्रहरी हिरासतमा हुने यातनाका समस्यालाई सम्बोधन गर्न खुलेर एएफसँग सहकार्य गर्ने नेपाल प्रहरीको मानवअधिकार इकाइलाई पनि धन्यवाद दिन चाहन्छु ।

हामीसँग आफ्ना अनुभव बाँड्नुहुने सम्पूर्ण थुनुवा र यातनापीडितप्रति विशेष आभार प्रकट गर्दछौं । त्यसैगरी हामीसँग सहकार्य गरी सहयोग गरिदिनु हुने सबै न्यायाधीश, सरकारी वकिल, प्रहरी अधिकृत र राष्ट्रिय मानवअधिकार आयोगलाई पनि निरन्तर सहयोग र सहकार्यका लागि मुरीमुरी धन्यवाद दिन्छौं ।

**अधिवक्ता चुडामणि आचार्य**
अध्यक्ष
एड्भोकेसी फोरम

**डा. त्रिलोचन उप्रेती**
कार्यकारी निर्देशक
एड्भोकेसी फोरम

जुन २०१५

# कार्यकारी सारांश

सन् २०१४ भरि एड्भोकेसी फोरम (एएफ) ले संकलन गरेको यातनाका प्रवृत्तिको विश्लेषणले पुरानै व्यवस्थाजन्य समस्याले निरन्तरता पाएको देखाउँछ। तीमध्ये प्रमुख भनेका एएफले बर्सौंदेखि बताउँदै आएको नाबालकहरू माथिको यातना वा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहारको निरन्तर उच्च दर पर्दछ। निश्चित जिल्लाका प्रहरीले अन्य जिल्लाका प्रहरीको तुलनामा थुनुवाउपर बढी यातना दिने गरेका छन्। ती जिल्लामा बाँके, काठमाडौं र झापा पर्दछन्। थप रूपमा, सन् २०१३ को तुलनामा (१८.१%) सन् २०१४ मा काठमाडौंमा यातना तथा दुर्व्यवहारको दरमा उल्लेख्य वृद्धि (२६.७%) भएको देखिन्छ। त्यसैगरी "तल्लो जात" भनिने सामाजिक समूहले "माथिल्लो जात" को तुलनामा बढी यातना पाएको गुनासो गरेका छन् र यो पहिलेदेखि नै चलिरहेको प्रवृत्ति हो। यी सबैले के संकेत गर्छन् भने नेपालमा यातना व्यवस्थाजन्य समस्याकै रूपमा रहेको छ यद्यपि यसमा सुस्त रूपमा कमी आइरहेको छ।

जिल्लाअनुसार जानकारीमा आएका यातनाका मुद्दाको संख्यामा ठूलो अन्तर हुन्छ, जसमा काठमाडौं, बाँके र झापा यस्ता जिल्ला हुन् जहाँ थुनुवाले धेरै प्रतिशतमा यातना खेपेको भनी बयान दिएका छन्। अझ, काठमाडौं जिल्लामा यस्ता जानकारीमा आएका यातना एवं दुर्व्यवहारको संख्यामा वृद्धि भएर सन् २०१३ को १८.१% बाट सन् २०१४ सम्म आउँदा २६.७% पुगेको छ।

ध्यान दिनुपर्ने कुरा त के छ भने आफू अझै यातना खेपिरहेको छु भनी जानकारी दिने बालबालिकाको संख्या अझ धेरै छ – १८ वर्ष र सोभन्दा मुनिका २४.१% थुनुवाहरूले आफू अझै यातना खेपिरहेको भनी दाबी गरेका छन् जुन एएफले अन्तर्वार्ता लिएका नाबालक थुनुवाहरूको संख्या १४.४% भन्दा अत्यन्त बढी हो। यो संख्या सन् २०१३ देखि नै जस्ताको त्यस्तै रहेको छ। काठमाडौं, बाँके र बाग्लुङ्ग जिल्लाहरूमा नाबालक थुनुवाहरूको दाँजोमा बालबालिकालाई लगभग दोब्बर

परिमाणमा यातना दिएको देखिन्छ । उदाहरणका लागि बाँके जिल्लामा अन्तर्वार्ता लिइएका थुनुवा बालबालिकाको संख्या (५१.३ प्रतिशत) मध्ये लगभग आधाले हिरासतमा यातना खेपेको भनी एएफलाई जानकारी दिएका छन् ।

यस प्रतिवेदनले अगस्ट २०१४ मा संसदसमक्ष पेश भएको यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार (कसुर र सजाय) सम्बन्धी विधेयकको पनि विश्लेषण गरेको छ जसको उद्देश्य यातनालाई कसुर करार गर्ने, यातना सम्बन्धी उजुरीमा अनुसन्धान गर्न एक संयन्त्र उपलब्ध गराउने, अन्तर्राष्ट्रिय मानवअधिकार कानुनजनित नेपालको दायित्वअनुरूप पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउने रहेको छ । विधेयक पेश गर्नु सकारात्मक प्रगति भएतापनि यसमा भएका केही प्रावधानले यसको उद्देश्यलाई चुनौती दिनसक्दछ ।

- उजुरी दर्ता गर्ने (३५ दिन) अत्यन्तै छोटो हदम्याद (दफा १३)
- यातना दिने वा दिन आदेश दिने व्यक्तिलाई अत्यन्त कम दण्डसजाय (पाँच वर्ष कैद र/वा रु. ५०,००० जरिवाना) (दफा २२)
- पीडितलाई पर्याप्त, प्रभावकारी र प्रतिशतका आधारमा परिपुरण दिनबाट वञ्चित गर्दै क्षतिपूर्ति दिने तहमा जथाभावी हद निर्धारण गरी रु. ५,००,००० तोक्ने (दफा २३)
- गलत उजुरी हाल्ने व्यक्तिलाई जरिवाना तोक्ने प्रावधानले यातनाका वास्तविक पीडितलाई उजुरी दिन हतोत्साहित गर्न सक्दछ (दफा ३४); र
- "असल नियतवश" गरेको भनी संरक्षण गर्ने कार्य (दफा ३५) ।

जानकारीमा आएका यातनाको संख्यामा अपराधको प्रकृतिले निकै ठूलो फरक पार्दछ भन्ने एएफले सन् २०१४ मा गरेको अन्तर्वार्ताका अन्य उपलब्धिले देखाउँछ जसअनुसार अन्य अपराधको दाँजोमा चोरीको अपराधमा (क्रमश १६.६५ र ३८.८५) अत्यन्त बढी यातना वा दुर्व्यवहार भएको भन्ने कुरा जानकारीमा आएको छ । यसको कारण के हुनसक्छ भने चोरीको मुद्दामा अपराधीलाई पक्राउ गर्न एवं चोरेको सामान फिर्ता लिन प्रहरीलाई दबाब दिइन्छ जसका कारण प्रहरीले यातनाको प्रयोग गरी बयान लिन प्रेरित हुन्छ ।

सन् २०१४ मा बयानमा सही गर्नेमध्ये एक चौथाइभन्दा बढी थुनुवाहरू (२६.४%) ले आफ्नो इच्छाअनुरूप सही नगरेको भनी दाबी गरेका छन् । १८.४% प्रतिवादीलाई मात्र न्यायाधीशहरूले हिरासतमा रहँदा यातना पाए नपाए भनी प्रश्न सोधेका थिए, यो अत्यन्त चिन्ताजनक विषय हो । एएफको अध्ययन अनुसार हालका

वर्षमा धम्की दिने जस्ता मानसिक किसिमका यातना बढी प्रयोगमा ल्याएको स्पष्ट देखिन्छ, यो यस्तो प्रक्रिया हो जसले 'शारीरिक यातनाको पीडाभन्दा बढी आघात पार्छ र गम्भीर एवं दीर्घकालीन क्षति पुग्ने किसिमको हुन्छ'[1] भनी सिभिक्टले स्पष्ट पारेको छ । दुर्भाग्यवश लट्ठी तथा पाइपले पिट्नेजस्ता शारीरिक यातना दिने कार्य अझै कायम नै छ ।

[1] The Center for Victims of Torture, *Effects of Psychological Torture* (August 2011), available at http://www.cvt.org/sites/cvt.org/files/u18/CVT_EffectsOfPsychological Torture_August2011.pdf. See also: Hernán Reyes, 'The worst scars are in the mind: psychological torture' (2007) 89(867) *International Review of the Red Cross* 591, available at https://www.icrc.org/eng/assets/files/other/irrc-867-reyes.pdf.

# १ परिचय

विगत १५ वर्ष देखि एएफले निरन्तर रूपमा प्रहरी हिरासतहरू भ्रमण गर्ने, थुनुवाका अन्तर्वार्ता लिने, राज्यका निकायहरूबाट भएका यातना एवं दुर्व्यवहारका लेखाजोखा राख्ने तथा पीडकहरू विरुद्ध मुद्दा हाल्न पीडितलाई सहयोग दिने गर्दै आएको छ। उक्त संकलित प्रमाण सम्बन्धित निकाय एवं जनतामाझ चेतना फैलाउने उद्देश्यमा प्रयोग गरिन्छ र वार्षिक रूपमा यातनापीडितको सहयोगार्थ अन्तर्राष्ट्रिय दिवस मनाइने दिन, जुन २६ को अवसर पारेर प्रस्तुत गरिन्छ।

सन् २०१४ मा प्रयोग भएका यातनाका किसिम र प्रकृतिको विषयमा विश्लेषण गर्न नेपाल अधिराज्य[2] भरिका हिरासतमा रहेका थुनुवाहरूबाट एएफले १,९१६ अन्तर्वार्ता संकलन गरी यस प्रतिवेदनमा समावेश गरेको छ। यसले थुनुवालाई यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार पाउने अवस्थासम्म पुऱ्याउने मुख्य जोखिम क्षेत्र वा व्यवहार पहिचान गर्न जिल्ला, जात, अपराध, उमेर र लिङ्गको आधारमा जानकारीमा आएका यातनाका संख्याको अध्ययन गरेको छ। यसले नेपालको अन्तरिम संविधानमा उल्लेखित कानुनी उपचारहरूको प्रभावकारितालाई मूल्याङ्कन गर्नुको साथै तोकिएका समयावधिभित्र हिरासतमा राखिएको कारण खुलाइ थुनुवाको प्रतिशत उल्लेख भएको बेहोरा २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष ल्याएको तथा साबिती बयानद्वारा आफ्नो विरुद्धको साक्षी बन्न कर पारिने लगायतका आँकडामा विश्लेषण गर्दछ।

हामीले मुख्यतः यो वर्ष अगस्ट २०१४ मा संसदमा पेश भएको यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार (कसुर र सजाय) सम्बन्धी विधेयकको विस्तृत समीक्षा गरेका छौं। उक्त विधेयकले यातनालाई फौजदारी कसुर स्थापित गर्ने,

[2] Detainees in 15 districts of Nepal were visited – see the Methodology section for further details.

यातनाका उजुरीमा अनुसन्धान र अभियोजन गर्ने संयन्त्रको निर्माण र पीडितलाई क्षतिपूर्ति प्रदान गर्ने प्रस्ताव गरेको छ। यो एउटा सकारात्मक कदम हो जसले एएफको यातना रोकथामसम्बन्धी कार्यलाई सहयोग गर्दछ र यसको कार्यान्वयन भएमा संयुक्त राष्ट्रसंघीय यातनाविरुद्धको महासन्धि (CAT) तथा मानवअधिकार सम्बन्धी अन्य अन्तर्राष्ट्रिय महासन्धिजनित नेपालका दायित्वहरू धेरै हदसम्म निर्वाह हुनेछ। अपितु उक्त विधेयक आफ्ना उद्देश्य पूरा गर्न सक्षम छ भनी सुनिश्चित गर्न त्यहाँ भएका केही मुख्य प्रावधानहरू संशोधन हुनु वा थपिनु पर्दछ भन्ने एएफको धारणा छ।

# २ अध्ययन विधि

सन् २०१४ मा एड्भोकेसी फोरम (एएफ) का कानून व्यवसायीहरूले नेपाल अधिराज्य भरिमा १५ जिल्ला (काठमाडौं, मोरङ्ग, बाँके, कास्की, कंचनपुर, उदयपुर, रुपन्देही, धनुषा, बाग्लुङ्ग, म्याग्दी, पर्वत, रामेछाप, देलखा, झापा र सिराहा) का सरकारी हिरासतमा रहेका १,९१६ थुनुवाहरूसँग अन्तर्वार्ता लिएका थिए ।[3] प्रत्येक जिल्लाहरूका जिल्ला प्रहरी कार्यालय एवम् इलाका प्रहरी कार्यालयहरू भ्रमण गरी त्यो बेलाका थुनुवाहरूको प्रहरीले बनाएको सूचीमध्येबाट Random Sampling गरी नाम छनौट गरिएको थियो । उल्लेखित हिरासतहरूमा भेटिएका महिला वा बालबालिकालाई प्राथमिकता दिइएको थियो । थुनुवालाई भेट्ने क्रममा एएफका कानून व्यवसायीहरूले एएफको भूमिकाका साथै नेपालको अन्तरिम संविधान २०६३ तथा अन्तर्राष्ट्रिय कानूनले प्रत्याभूत गरेका थुनुवाहरूको अधिकारका विषयहरूमा जानकारी दिएका थिए । त्यसपछि मात्र राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय विज्ञका सहयोगद्वारा निर्मित प्रश्नावलीको प्रयोग गरी एएफका कानून व्यवसायीहरूले छनौट गरिएका थुनुवाहरूको अन्तर्वार्ता लिएका थिए ।[4] उक्त प्रश्नावलीले यातनाका घटनाहरूको मात्र हैन थुनुवाहरूको व्यक्तिगत जानकारी जस्तै उमेर, जात र लिङ्ग जस्ता सूचना संकलन गर्दछ । सम्भव भएसम्म उक्त अन्तर्वार्ताहरू प्रहरी अधिकृतको अनुपस्थितिमा छुट्टै अन्तर्वार्ता गर्ने कोठामा सम्पन्न भएको थियो । अपितु, अधिकांश अवस्थामा हिरासत कोठाको ढोका नजिकै उभिएर प्रहरी अधिकृतको उपस्थितिमा अन्तर्वार्ता सम्पन्न भएका थिए । यसरी प्रहरी अधिकृतबाट प्रतिकार होला भन्ने डरले यातनाका विषयमा अपेक्षा गरे भन्दा थोरै घटनाहरू मात्र जानकारीमा आउनाले आँकडा सही नै हो भन्न नसक्ने अवस्था रहेको छ ।

[3] This number is markedly smaller than previous years, due to a lack of funding to carry out this research.

[4] Advocacy Forum has developed a questionnaire in consultation with national and international experts.

हिरासत भ्रमणका माध्यमबाट एड्भोकेसी फोरमले प्रहरीलाई संवैधानिक आफ्ना दायित्वहरू (थुनुवाहरूलाई कानून व्यवसायीसम्मको पहुँच दिलाउने जस्ता) निर्वाह गर्न प्रोत्साहन गर्ने, नेपालमा अहिलेसम्म जानकारीमा आएका यातनाका प्रकार र प्रकृतिहरूको विषयमा सूचना संकलन गर्ने, र पीडितलाई सहयोग एवम् न्यायसमक्ष पहुँच पुऱ्याउने उद्देश्य लिएको छ । यी बाहेक एएफले अदालतमा पीडितहरूको प्रतिनिधित्व गर्दछ, प्रहरी, न्यायाधीश र सरकारी वकिलहरूका लागि मानव अधिकारको विषयमा विभिन्न तालिम संचालन गर्दछ । यातनाका पीडितलाई कानूनी, चिकित्सा एवम् मनोसामाजिक सहयोग प्रदान गर्दछ र यस्ता मुद्दाहरू राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय निकायहरू समक्ष पुऱ्याउँदछ ।

यस प्रतिवेदनको प्रयोजनका लागि, यातनालाई यातना विरुद्धको महासन्धि (CAT) को धारा १(१) अनुरूप परिभाषित गरिएको छ तथा अन्य क्रूर, अमानवीय, वा अपमानजनक व्यवहार वा CAT महासन्धिको धारा १६ बमोजिमको सजाय समेतलाई समेटिएको छ । तसर्थ, यातनालाई निम्नानुसार परिभाषित गरेको छ :

> कुनै सार्वजनिक अधिकारी वा सरकारी हैसियतमा काम गर्ने अन्य कुनै व्यक्तिबाट वा निजको वहकाउ वा सहमति वा मौन सहमतिमा कुनै व्यक्ति वा तेश्रो व्यक्तिबाट जानकारी वा साविति लिने वा निज वा तेश्रो व्यक्तिले गरेको वा गरेको भनी शंका गरिएको कार्यको लागि दण्ड दिने, वा निज वा तेश्रो व्यक्तिलाई त्रास देखाउने वा जोरजुलूम गर्ने जस्ता उद्देश्यहरू वा कुनै पनि प्रकारको भेदभावमा आधारित कुनै कारणका लागि सो व्यक्तिलाई जानीजानी शारीरिक वा मानसिक कठोर पीडा वा कष्ट दिने कार्य सम्झनु पर्छ ।[5]

एड्भोकेसी फोरमको प्रश्नावलीमार्फत संकलन गरिएका तथ्यांकलाई व्यवस्थित गर्न एसपिएसएस (SPSS) सफ्ट्वेयरको प्रयोग गरिएको थियो र मूलतः दुईवटा विधि प्रयोग गरी विश्लेषण गरिएको थियो । The Hypothesis Test for Comparing Two Proportions प्रयोग गरी दुई समूहका बीच कुनै अर्थपूर्ण भिन्नता छ कि छैन भनी Frequency comparison गरिएको थियो । Pearson's Chi-Squared Test को प्रयोग गरी कुनै एक प्रकृतिको सूचक अन्तर्गत दुईवटा भिन्नै निष्कर्ष मौकाले उत्पन्न भएको हो कि भनी सम्भाव्यताको अध्ययन गरिएको थियो । दुवै विधिको प्रयोगमा ०.०५ को p value लाई तथ्याङ्किक दृष्टिकोणबाट महत्वपूर्ण मानिएको थियो ।

[5] *Convention against Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment*, opened for signature 10 December 1984, 1465 UNTS 85 (entered into force 26 June 1987), art 1(1).

# ३ नेपालका थुना केन्द्रमा यातनाका प्रवृत्ति

## क. नेपालका थुना केन्द्रमा यातनाका समग्र प्रवृत्ति

सन् २०१४ मा एड्भोकेसी फोरमका कानुन व्यवसायीहरूले नेपालका १५ वटा जिल्लाका प्रहरी हिरासतको भ्रमण गरी १,९१६ जना थुनवाहरुको अन्तर्वार्ता लिएका थिए । अन्तर्वार्ता लिइएका थुनुवामध्ये ३११ (१६.२%) थुनुवाले आफूहरूलाई प्रहरी हिरासतमा यातना वा क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार गरिएको दाबी गरेका थिए । यो प्रतिशत एएफले सन् २००१ देखि अर्थात् थुनुवाहरूको अन्तर्वार्ता लिने गरेदेखिकै सबैभन्दा कम प्रतिशत हो भने यो प्रतिशत सन् २०१३ को १६.७% प्रतिशत यातनाभन्दा पनि कम हो । यसले नेपालमा विगत ११ वर्षदेखि यातनाको प्रवृत्ति बिस्तारै कम हुँदै गइरहेको देखाएको छ । सन् २००१ देखि यातनाका प्रवृत्ति प्रतिवर्ष २.५% को दरले घट्दै गइरहेको देखिएको छ जुन तल दिइएको रेखाचित्र १ ले प्रस्ट पारेको छ ।

यातना न्यूनीकरण भएको देखिनुमा केही हदसम्म त विगतको सशस्त्र द्वन्द्वकालमा यातनाको अत्यधिक प्रयोगका कारणले पनि हो जतिबेला ५३.८% थुनुवाहरूले यातना तथा अमानवीय व्यवहारको गुनासो गरेका थिए । सन् २००२ मा यातनाको उच्च प्रतिशत देखिएपनि त्यसपछि भने घट्दो क्रममा रहेको देखिन्छ । द्वन्द्वोत्तर समयमा मात्र १.२% को दरले प्रतिवर्ष यातना घटेको देखिन्छ। यो प्रतिशत न्यून भएपनि तथ्याङ्कीय हिसाबले[6] यातनाको प्रवृत्तिमा बिस्तारै न्यूनीकरण हुँदै गइरहेको महत्वपूर्ण संकेत गरेको छ जसले यातना न्यूनीकरणमा एड्भोकेसी फोरमको कामको महत्वलाई पनि दर्साएको छ । रेखाचित्र २ ले सन् २००७ देखि २०१४ सम्म आइपुग्दा यातनाको प्रवृत्ति क्रमशः कम हुँदै आइरहेको देखाएको छ । सन् २०११ र २०१२ मा खासगरी

[6] See AF, *Torture of Women: Nepal's Duplicity Continues*, June 2012, available at http://advocacyforum.org/downloads/torture-of-women-report-june-26-2012-english.pdf.

नेपालको तराई क्षेत्रमा संगठित अपराध र सवारीसाधन आवागमन अवरोध नियन्त्रण गर्ने उद्देश्यले प्रहरीले विशेष सुरक्षा योजना लागू गरेको, नेपालको पूर्वी पहाड, पूर्वी तराई, काठमाडौं उपत्यका र मध्य तथा सुदूरपश्चिमका तराईमा सुरक्षा मजबुत पार्ने क्रममा सो क्षेत्रमा पक्राउ र थुनाका घटना बढी भएकोले पनि यातनाका घटना बढी भएको देखिन्छ ।[7]




**रेखाचित्र १ : सन् २००१ देखि २०१४ सम्म यातनाका प्रतिशत ।**[8]




**रेखाचित्र २ : द्वन्द्वोत्तर समयमा (सन् २००७-२०१४) मा यातनाको प्रवृत्ति ।**

[7] Ninety-five percent confidence intervals indicate that there is 95% certainty that the true value is within the range of the bars. This is based on the sample size and the proportion reporting torture.

[8] $p = 0.049$

### *यातनाका तरिका*

थुनुवाहरूका अनुसार प्रहरीले सजाय दिन, केरकार गर्न वा थुनुवाबाट साबिती बयान लिन विभिन्न प्रकारका यातनाका तरिका अपनाउने गर्छन् । प्रायःजसो प्रयोग गरिने यातनाका तरिकामा लट्ठी, प्लास्टिकको पाइप वा अन्य वस्तुले पाइतालामा हान्ने, मुड्कीले अनुहार लगायत शरीरका विभिन्न भागमा हान्ने, झापड हान्ने र प्रहरीले बुट लगाएर लात्तीले हान्ने आदि थिए । अधिकांश थुनुवाले यातनाका कारण केही हप्तासम्म हिँड्डुल र उठबस गर्न समस्या भएको बताएका थिए ।

हालैका वर्षमा एएफका वकिलले थुनामा मानसिक यातनाका घटनाहरू बढेको पाएका छन् । थुनुवाहरूले बताएअनुसार साबिती बयानमा हस्ताक्षर नगरेमा प्रहरीले उनीहरूलाई लागुऔषध जस्ता गम्भीर अपराधमा फसाइदिने वा परिवारका अन्य सदस्यलाई पनि थुन्ने आदि धम्की दिने गर्छन् । सिभिक्टका अनुसार, “शारीरिक यातनाभन्दा पनि मानसिक यातना खतरनाक हुन्छ किनभने यसको असर दीर्घकालीन हुन पनि सक्छ ।”[9]

## ख. जिल्ला अनुसार यातना दर

ठाउँअनुसार यातनाको दर फरक पर्छ, निश्चित जिल्लाहरूमा बन्दीहरूमाथि यातना तथा दुर्व्यवहार अन्य जिल्लामा भन्दा लगातार उच्च दरमा रहेको जानकारीमा आयो ।[10] सन् २०१४ मा एएफले १५ जिल्लाबाट तथ्यांक संकलन गर्‍यो । यो विश्लेषणले नमुना आकार ७० वा त्योभन्दा बढी भएका नौ जिल्लालाई समेटेको छ : ती हुन् बाँके, काठमाडौं, झापा, बाग्लुङ, कास्की, मोरङ, रुपन्देही, कञ्चनपुर र दोलखा ।[11] यी जिल्लामा सरदर यातनाको दर १६.८% थियो । बाँके, काठमाडौं र झापामा औसतभन्दा धेरै उच्च दरमा यातना दिइएको पाइयो, बाँकेमा त ३२.६% सम्म थियो भने मोरङ, रुपन्देही, कञ्चनपुर र दोलखाका बन्दीमाथि औसतभन्दा ज्यादै न्यून दरमा यातनाको गुनासो पाइयो (दोलखामा ०.८% सम्म मात्र) ।[12]

[9] The Center for Victims of Torture, *Effects of Psychological Torture* (August 2011), available at http://www.cvt.org/sites/cvt.org/files/u18/CVT_EffectsOfPsychological Torture_August2011.pdf. See also: Hernán Reyes, ‘The worst scars are in the mind: psychological torture’ (2007) 89(867) *International Review of the Red Cross* 591, available at https://www.icrc.org/eng/assets/files/other/irrc-867-reyes.pdf.

[10] Further details can be found in the tables contained in the Annex.


[11] The districts of Parbat, Myagdi, Udhayapur and Ramechhap were omitted from this analysis due to their small sample sizes (fewer than 40 detainees interviewed in each).

[12] http://lkamal.com.np/wp-content/uploads/map.gif




मानचित्र १ : नेपालका जिल्ला ।

यो घटबढको एउटा सम्भाव्य कारण के हुनसक्छ भने उच्च दरमा यातना भएको भनिएका जिल्ला (बाँके, काठमाडौं र झापा) घना सहरीकरण भएका इलाका हुन् र सामान्यतया यहाँ उच्च दरमा अपराध घटित हुन्छन् । अझ, बाँके र झापा भारतसँग सिमा जोडिएका तराईका जिल्ला हुन् जहाँ सिमापार तस्करीका साथै उच्च दरमा गरिबी विद्यमान छ । त्यसो त मोरङ, रुपन्देही र कञ्चनपुर पनि घना जनसंख्या भएका तराईका जिल्ला हुन् जसको सिमाना भारतसँग जोडिएको छ तर त्यहाँ यातनाको अत्यन्त कम गुनासो पाइयो ।[13] त्यसैले यस्तो प्रतीत हुन्छ कि भूगोल, सहरीकरण तथा अपराध दर यी जिल्लामा भएका ठूलो संख्याका पक्राउलाई व्याख्या गर्ने तत्व हुन सक्छन् तर जिल्लाअनुसार यातनाको दरमा भएका विशाल फरकलाई यिनले व्याख्या गर्न सक्दैनन् ।





**रेखाचित्र ३ : जिल्लाअनुसार यातनाको गुनासो दर (सन् २०१४) ।**

समयक्रममा यी जिल्लामा भएका यातनाका पद्धतिलाई जाँच्दा, तीन जिल्लाले सन् २०१३ र २०१४ का बीच यातनाका दरमा उल्लेख्य परिवर्तन आएको देखाउँछन् । ती हुन् काठमाडौं जहाँ यातनाको गुनासो दर सन् २०१४ मा उल्लेख्य रूपमा बढ्यो (१८.१% बाट बढेर २६.७%) अनि मोरङ र रुपन्देही जहाँ सन् २०१३ बाट सन् २०१४ मा आउँदा यातनाको दरमा उल्लेख्य कमी आयो । बाँके, झापा र बाग्लुङमा सन् २०१३ र २०१४ का बीच यातनाका दरमा उल्लेख्य परिवर्तन देखिएन । एएफले

[13] http://www.citypopulation.de/php/nepal-admin.php

नियमित रूपमा थुना अनुगमन गर्ने जिल्लामध्ये बाँके जिल्लामा यातनाको गुनासो उच्चतम प्रतिशतमा भयो ।[14]




**रेखाचित्र ४ : सन् २०१३ र २०१४ मा जिल्ला अनुसार यातनाको प्रवृत्ति ।**

***घटना विवरण : बाँके***



राज शाह[15] बाँके जिल्लामा सानो व्यवसाय चलाएर बसेका छन् । भदौ १७, २०७१ मा गणपुर प्रहरी चौकीका हवलदार सहितका चारजना सादा पोसाकका प्रहरीले आएर उनको पसल खानतलास गरे अनि उनलाई लागुऔषध बेचबिखनको आरोप लगाए । कैयौं प्रत्यक्षदर्शीका अनुसार प्रहरी अधिकारीहरूले पसलमा खानतलास गर्दा केही पनि शंकास्पद वस्तु नभेटे पनि राज शाहलाई गणपुर प्रहरी चौकी पुऱ्याए । उनकी पत्नी र कैयौं अन्य हेरालुले उनलाई चौकीसम्मै पछ्याए तर

[14] Note: Kanchanpur and Dolakha could not be measured in this way because they fail the essential pre-condition tests, as explained in the Methodology section of this report.

[15] Name has been changed.

उनलाई राखिएको पछिल्लो पट्टिको भागतिरबाट जान भने उनीहरूलाई प्रहरीले रोक्यो । राज शाहले एएफलाई बताएअनुसार प्रहरी जवानहरूले उनलाई मुक्का तथा लात्तीले हान्दै घरिघरि लागुऔषध प्रहरीलाई बुझाउन भने । उनले एएफलाई भने, उनीहरूले मलाई भकुण्डो हिर्काए जस्तै हिर्काउँदै यता र उता मिल्काए । ममाथि मुक्का र लात्ती बर्साउँदा उनीहरूमध्ये केहीले मेरो कपाल लुछेर तानातान गरे । त्यसपछि प्रहरी जवानले राज शाहलाई भुइँमा बस्न लगाएर दुईजना उनका खुट्टामाथि चढे अनि अर्कोले पाइतालामा २० चोटि जति हिर्काए । राज शाहका अनुसार उनलाई चोट लागेको खुट्टाले उफ्रन लगाइयो, त्यसपछि हातखुट्टा टेक्न लगाएर उनको ढाड र नितम्बमा १५ मिनेट जति लट्ठीले हानियो अनि पछि उभिन लगाइयो । उभिँदा तीनजना प्रहरीले उनको शरीरमा मुक्का र लात्ती बर्साए ।

त्यही साँझ उनलाई नेपालगंजस्थित सशस्त्र प्रहरी बलको क्याम्प लगियो । उनले एएफलाई बताएअनुसार गह्रुंगो बुट लगाएको एकजना प्रहरी अधिकृत उनको खुट्टामा ६ देखि ७ मिनेटसम्म उभियो र उनको कपाल तान्न थाल्यो । त्यो प्रहरीले राज शाहलाई हेरोइनको एउटा प्याकेट देखाएर यो तेरै हो भन्यो । राजलाई त्यहाँ २० मिनेट जति राखियो । राज शाहकी पत्नीका अनुसार त्यतिखेरै दुईजना प्रहरी पसलमा फर्किए अनि श्रीमान्को बदला लागुऔषध प्रहरीलाई दे भन्न थाले । उनले आफ्नो श्रीमान्सँग फोनमा कुरा गर्न चाहिन् र राज शाहका अनुसार फोन तत्कालै काटियो किनकि उनले श्रीमतीलाई लागुऔषध लिएर चौकीमा नआउनू भने ।

त्यसपछि राज शाहलाई कोहलपुरस्थित इलाका प्रहरी कार्यालय चलानी गरियो र त्यहाँ एक रात थुनियो । त्यहाँको प्रहरी अधिकृतसमक्ष लागुऔषध प्रयोग गर्ने गरेको र बेचेको कबुल गरे मात्र उनलाई रिहा गरिने जानकारी दिएपछि उनले कबोले । उनका अनुसार त्यसपछि उनलाई यातना दिइएन । अर्को दिन केही गाउँलेहरू राज शाहलाई भेट्न आए अनि उनीहरूले राष्ट्रिय मानवअधिकार आयोगसमक्ष उनको स्वास्थ्यस्थिति खस्किरहेको भनी जानकारी दिए । थुनामा एकजना मानवअधिकारकर्मीलाई आफ्नो कथा सुनाएपछि राज शाहलाई प्रहरीले के बताइस् भनी बारम्बार सोधखोज गरे । राज शाहका १८ वर्षीय छोराले एएफलाई बताएअनुसार त्यतिखेरै प्रहरी अधिकारीहरू पसलमा आए र गोदामबाट ६०० एमजी हेरोइन बरामद भएको मुचुल्का देखाए । छोरा र अर्को साक्षीले आरोपहरू झुटा भएको भन्दै उक्त मुचुल्कामा हस्ताक्षर गर्न अस्वीकार गरे । त्यही साँझ राज शाहलाई रिहा गरिने जानकारी दिइयो र थुनामा राखिँदा लागेका चोटपटकको उपचार गर्न नेपालगंज मेडिकल कलेज पुऱ्याइयो । उनीसँग अन्तर्वार्ता गर्ने एएफका अधिवक्ताले उनका नितम्ब र पुट्ठामा ठूला काला दाग देखेको र उनी आफूमाथि के भएको भन्ने कुरामा दुःखी र अन्योलग्रस्त रहेको भनी बताए ।

### *घटना विवरण : काठमाडौं*

महेन्द्र बहादुर[16]लाई काठमाडौंबाट पुस २७, २०७० मा गिरफ्तार गरियो । उनीमाथि उनका काकाले गरेको चोरीमा संलग्न भएको आरोप लगाइयो र हनुमानढोकास्थित महानगरीय प्रहरी परिसर पुऱ्याइयो । उनका अनुसार उनलाई त्यहाँ थप्पड हानियो, हतकडी लगाइयो र आँखामा पट्टी बाँधियो । त्यसपछि उनलाई ढाडभरि, तिघ्रामा र शरीरका अन्य भागमा बाँसको भाटाले हिर्काउँदै प्रहरीहरूले चोरीको बारेमा प्रश्न गरे । उनका अनुसार उनलाई जमिनमा पल्टन लगाएर बाँसको भाटाले पाइतालामा पिटियो अनि पछि तलमाथि उफ्रन लगाइयो । एएफलाई महेन्द्रले बताएअनुसार संख्या यकिन नभएका प्रहरीले थुनामा राख्नुअघि उनलाई लगभग दुई घण्टासम्म कुटपिट र सोधपुछ गरे ।


महेन्द्रका अनुसार भोलिपल्ट बिहान पाँचजना प्रहरीले उनलाई त्यही सोधपुछ कक्षमा पुऱ्याए र फेरि आँखामा पट्टी बाँधेर बाँसको भाटाले खुट्टा, पाइताला, ढाड र तिघ्रामा जथाभावी कुटपिट गरे । अपराधको साबिती दिइनस् भने तेरा स्वास्नी र छोराछोरीलाई पनि थुनिदिन्छौं भनी प्रहरीहरूले उनलाई धम्की दिएकाले उनले साबिती दिनुपऱ्यो भनी महेन्द्र बताउँछन् । महेन्द्रका अनुसार प्रहरीहरूले उनको घरमा खानतलास गरे तर सानो रकम मात्र फेला पारे भने चोरिएको वस्तु फेला पारेनन् । त्यसपछि प्रहरीले उनलाई लागुऔषध र डकैतीमा मुद्दा लगायो । उनलाई स्वास्थ्य जाँचका लागि वीर अस्पताल पुऱ्याइयो तर उनका अनुसार त्यहाँ चिकित्सकले उनलाई मादक पदार्थ सेवन गरेनगरेको भन्ने मात्र सोधे र उनको घाउचोट जाँच गरेनन् अनि उपचार पनि गरेनन् । एएफलाई बताएअनुसार प्रहरीहरू त्यही कोठामा भएकाले गर्दा महेन्द्र चिकित्सकलाई आफ्ना घाउचोटका बारेमा बताउन ज्यादै डराएका थिए अनि उनले लगभग दुई हप्तासम्म खुट्टा, ढाड र तिघ्रामा दुखाइ र चोटपटक सहे । त्यही दिन उनलाई महानगरीय प्रहरी वृत्तमा ठाउँसारी गरियो अनि पढ्न नदिइकन उनलाई एउटा बयानमा हस्ताक्षर गर्न लगाइयो । मार्च २०१४ देखि यता महेन्द्रको मुद्दामा भएका थप प्रगतिका बारेमा एएफलाई कुनै जानकारी छैन ।

## ग. अभियोगअनुसार यातनाका दर

निश्चित अपराधका लागि पक्राउ पर्नुको कुनै सम्बन्ध यातनाको उच्च जोखिमसँग रहन्छ कि भनी निश्चित गर्नका लागि एएफले आरोपअनुसार यातनाका दरलाई विश्लेषण गरेको छ । सन् २०१४ मा थुनुवाहरूमाथि लगाइएका साझा आरोपमा

[16] Name has been changed.

सार्वजनिक अपराध (२४.४%),[17] लागुऔषध अपराध (२२.३%) र चोरी (९.६%) पर्दथे भने ११.६% थुनुवालाई कुनै पनि आरोप नलगाइकन थुनिएको थियो। विगत दुई वर्षदेखि यी अनुपातमा एकरूपता रहेको पाइन्छ। प्रत्येक अपराधमा आरोपित थुनुवाको अनुपातलाई विभिन्न शीर्षकमा रेखाचित्र ५ मा छुट्ट्याइएको छ।[18]





**रेखाचित्र ५ : प्रत्येक अपराधमा आरोपित थुनुवाको अनुपात (सन् २०१४)।**

निरपेक्ष संख्याको कुरा गर्दा सार्वजनिक अपराध, लागुऔषध अपराध र चोरीको आरोप लागेका थुनुवामाथि सबभन्दा बढी यातना दिएको देखिन्छ। यी तीन आरोपमा थुनिएका सबै व्यक्तिमध्ये २१.३% मुद्दामा यातना वा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार भएको पाइयो जबकि तुलना गर्दा अन्य सबै आरोपमा ९.७% मुद्दामा मात्र यातनाको गुनासो पाइयो। रेखाचित्र ६ ले आरोपअनुसार यातनाका निरपेक्ष संख्यालाई विभिन्न शीर्षकमा छुट्ट्याएको छ।

[17] Public offences include offences such as causing disturbance, fighting and drinking in public.


[18] The 'other' category incorporates charges for (in order from highest to lowest proportions): forgery, human trafficking, forest offences, arms and ammunition, cheating, kidnapping, black market, arson, child marriage, gambling, traffic deformities, cow slaughtering, unnatural sex, attempted rape, deformities, witchcraft, explosives and caste discrimination.




**रेखाचित्र ६ : आरोपअनुसार यातनाको गुनासो गर्ने थुनुवाको निरपेक्ष संख्या (सन् २०१४)।**

ठूलो संख्याका थुनुवाहरूमाथि सार्वजनिक अपराध र लागुऔषध अपराधका आरोप भएकाले यिनै मुद्दामा यातनाको उच्च संख्या हुनु स्वाभाविक छ। तर एएफले संकलन गरेको तथ्यांकअनुसार व्यक्तिलाई आरोप लगाइएको अपराधअनुसार यातनाको दरमा उल्लेख्य भिन्नता देखिन्छ। चोरीको आरोपमा थुनिएकाहरूले अन्य आरोपका तुलनामा (१६.६%) अत्यन्त उच्च दरमा (३८.८%) यातना वा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहारबाट पीडित बन्नुपरेको गुनासो गरे। लागुऔषध अपराध, सार्वजनिक अपराध तथा बलात्कारको आरोपले औसत दरमा यातना निम्त्याएको पाइयो भने मानव बेचबिखन, किर्ते, बहुविवाह र सडक हत्यासम्बन्धी आरोपले औसतभन्दा एकदमै न्यून दरमा यातना निम्त्याएको पाइयो।

चोरीको आरोपमा थुनिएकाहरू माथि यातनाको बढी गुनासो हुनुमा प्रहरीले अपराधीलाई पक्रन र चोरिएका सामान पत्ता लगाउन प्रशस्त दबाब झेल्नुपरेको एक कारण हुनसक्छ। त्यसैले चोरीका मुद्दामा साबिती लिन तथा चोरिएका वस्तु कहाँ राखिएको छ भनी पत्ता लगाउन प्रायः यातना दिने गरिन सक्छ। चोरीको आरोपलाई पुष्ट गर्नका लागि पर्याप्त सबुत फेला नपारेको खण्डमा प्रहरीले आरोप परिवर्तन गरेर थोरै सबुतको दरकार रहने सार्वजनिक अपराधको आरोप लगाउन सक्छ भनिएको पाइन्छ।





**रेखाचित्र ७ : आरोपअनुसार यातनाको गुनासो दर (सन् २०१४)।**

सन् २०१३ मा जम्मा गरिएको सूचनासँग तुलना गर्दा अघिल्लो वर्षभरि प्रत्येक आरोपमा यातनाको गुनासो दरमा एकरूपता रहेको भेटियो । यसमा एक अपवाद भनेको चोरीको आरोप लागेका थुनुवाउपर भएको यातना हो जुन विचारणीय रूपमा ३०.३% बाट बढेर ३८.८% पुग्यो । यो वृद्धिले तथ्यांकीय महत्व नराखेपनि यसले यातनाको वास्तविक बढोत्तरी भएको छ भनी दह्रो संकेत दिन्छ ।[19] बलात्कार र मानव बेचबिखनको आरोप लागेका थुनुवाउपर भएको यातनाका गुनासामा कमी देखिएका छन् तर उपलब्ध नमुना आकारलाई हेर्दा यिनले तथ्यांकीय महत्वका आवश्यकतालाई पूर्ति गर्न सक्दैनन् ।[20]

संक्षेपमा यी तथ्यांकको अध्ययनबाट निष्कर्ष निकाल्न सकिन्छ, यातनाको दर व्यक्तिलाई कुन आरोप लगाइएको छ भन्ने कुरा अनुसार फरक पर्छ । अझ, गत वर्षको तुलनामा यी संख्यामा खासै उल्लेख्य परिवर्तन आएको देखिँदैन, भलै चोरीको आरोप अपवादमा रहेको होस् ।

[19] P = 0.0518

[20] The category of human trafficking fails to meet the essential preconditions for the hypothesis test.





**रेखाचित्र ८ : सन् २०१३ र २०१४ मा आरोपअनुसार गुनासो गरिएको यातनाको दर ।**

## घ. जात/जातीयताका आधारमा यातना


एएफले प्रहरी हिरासतमा कुनै विशेष जातीय समूह यातनाको बढी जोखिममा छ कि भनी यातनाका घटनालाई जातीय आधारमा विश्लेषण गरेको छ । सन् २०१४ मा एएफले अन्तर्वार्ता लिएका १,९१६ जना थुनुवाहरू मध्ये ५०% थुनुवाहरू क्षेत्री र जनजाति समुदायका थिए । त्यसपछिका अन्य समुदायमा तराईका जनजाति, दलित र ब्राह्मण समुदायका थुनुवा थिए । अन्तर्वार्ताका क्रममा आफ्नो जातीय पहिचान खुलाउन नचाहने वा प्रश्नावलीमा नसमेटिएका जातीय समूहलाई अन्य समूहमा राखिएको छ ।

एएफको तथ्याङ्कअनुसार, सन् २०१४ मा अधिकांश जात वा जातीय समूहले समग्रमा लगभग उस्तै अनुपातमा अर्थात १६.२% को हाराहारीमा यातनाको गुनासो गरेका थिए भने २९.८% मुस्लिम समुदायले यातना वा अन्य क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार गरिएको गुनासो गरेका थिए । जातीय समूहका आधारमा विश्लेषण गर्दा केही समूहका थुनुवामाथि बढी यातना भएको देखिएपनि निश्चित जात वा जातीय समूहका सदस्य भएकै आधारमा यातना दिएको भन्ने कुनै पनि प्रमाण एएफलाई प्राप्त भएको छैन । यद्यपि बर्सौंदेखिको तथ्याङ्कले के देखाएको छ भने कथित उच्च जातमा भन्दा तल्लो जातका थुनुवामाथि बढी यातना हुनेगरेको

छ । तर यो पनि विचारणीय छ कि यस विश्लेषणका लागि लिइएको मुस्लिमहरूको संख्या अन्य समूहको तुलनामा अत्यन्त न्यून थियो । यो संख्या बढी भएको भए यसले यातनाको प्रतिशतमा उल्लेख्य फरक पार्नसक्ने थियो ।





**रेखाचित्र ९ : अन्तर्वार्ता लिइएका विभिन्न जातीय समूहका थुनुवाहरु (सन् २०१४) ।**




**रेखाचित्र १० : विभिन्न जातीय समूहले दाबी गरेअनुसारको यातनाको प्रतिशत (सन् २०१४) ।**

रेखाचित्र ११ ले सन् २०१३ र २०१४ मा जातीय समूहमाथि भएको यातनाको तथ्याङ्कलाई तुलना गरेको छ । यसले सन् २०१४ मा मुस्लिम र अन्य समूहमाथिको यातनामा केही कमी देखिएपनि जातीय समूहअनुसारको यातनाको प्रतिशत भने उस्तै देखिएको छ भने समग्र यातनाको प्रतिशतमा खासै घटबढ भएको देखिँदैन ।




**रेखाचित्र ११ : सन् २०१३ र २०१४ मा विभिन्न जातीय समूहले दाबी गरे अनुसारको यातनाको अवस्था ।**

# ४. जोखिमयुक्त समूहमा यातनाको प्रवृत्ति

## क. लैङ्गिकताका आधारमा यातना


सन् २०१४ मा एएफले २३९ (१२.५%) महिला थुनुवालाई भेटेको थियो । तीमध्ये ११ (४.६%) जनाले थुनामा रहँदा यातना वा क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार गरिएको दाबी गरेका थिए । यो संख्या पुरुष यातना पीडितहरूको तुलनामा निकै कम हो जसमा १७.९% पुरुष थुनुवाले यातनाको गुनासो गरेका थिए । सन् २०१३ (जब ५.७% महिला र १८.४% पुरुषले यातना पाएको दाबी गरेका थिए) को तुलनामा यातनामा उल्लेख्य कमी नआए पनि प्रत्येक वर्ष यातनाको क्रममा कमी आउन जारी रहेकोले एएफ आशावादी छ कि यातना बिस्तारै निर्मूल हुँदै जानेछ ।

तुलनात्मक रूपमा महिला थुनुवामाथि हुने यातनाको प्रतिशत कम हुनु सकारात्मक पक्ष भएपनि पुरुषको तुलनामा महिलाले यातनालाई भिन्न रूपमा अनुभव गरेको हुनसक्छ । विगतमा विभिन्न हिंसामा परेकी महिलामाथि प्रहरी ज्यादतीले पुनः आघात पर्न सक्ने वा बलात्कारको धम्की जस्ता यातनाको प्रकारहरू सहनुपर्ने हुन्छ । त्यस्तैगरी प्रहरीले सीताको मुद्दामा जस्तै दूर्व्यवहारलाई न्यायोचित ठहऱ्याउन समाजमा व्याप्त लैङ्गिक विभेदको सहारा लिन सक्छन् जसमा उनको शरीरको चोटपटक प्रहरी यातनाले नभई उनको दाइले परिवारको बेइज्जत गऱ्यो भनी कुटपिट गर्दा लागेको दाबी गरेका थिए ।

### *घटना विवरण : सीताको कथा*

सीता[21] लाई चारजना प्रहरीले जेठ १, २०७१ मा पक्राउ गर्दा उनी जम्मा १४ वर्षकी थिइन् । उनलाई एकजना शिक्षिकाको १०,००० रुपियाँ र बैंकका केही कागजपत्र सहितको ब्याग चोरेको आरोपमा पक्राउ गरिएको थियो । उनले एएफलाई बताइन् :

[21] Name has been changed.




**रेखाचित्र १२ : सन् २०१३ र २०१४ मा यातनाको दाबी गर्ने पुरुष तथा महिला थुनुवाहरूको प्रतिशत ।**

"दुईजना प्रहरीले मलाई हाम्रो घरअगाडिको एउटा घरको पछाडिको कोठामा लगे र ब्यागको बारेमा सोधपुछ गरे । मैले ब्यागको बारेमा थाहा छैन भन्नेबित्तिकै एकजना प्रहरीले झुठ बोल्छेस् भन्दै लात्तीले मेरो फिलामा हाने । एकजना प्रहरीले मेरो बिहे भएको छ कि छैन भनी सोधे । मैले छैन भन्नेबित्तिकै उसले आज राति रक्सी खाएर शादी मनाउँला भने । मलाई कुटपिट गरे पछि उनीहरूले मेरी आमालाई पनि सोही कोठामा लगेर कुटपिट गरे । उनीहरूले राइफलको कुन्दाले आमाको कोखामा हाने र आँखामा पनि चोट लगाए ।"

त्यसपछि प्रहरीले सीता र उनकी आमालाई एउटा गाडीमा हालेर वडा प्रहरी कार्यालय, नेपालगञ्ज लगे । त्यहाँ दुईजना प्रहरीले उनीलाई लात्तीले हाने, प्लास्टिकको पाइपले फिलामा कुटपिट गरे र अज्ञात झोल हालेको बोतल उनीमाथि हल्लाउँदै शरीरमा खन्याइदिने धम्की दिए । सो क्रममा दुई तीन थोपा झोल उनको कपडामा खस्यो र त्यसले उनको फिलामा कालो दाग बनाएको थियो । उनकी आमालाई पनि सोही प्रकारले यातना दिइएको थियो र पीडाका कारण उनले कपडामा नै पिसाब गरेकी थिइन् । सीताले आरोपको लगातार खण्डन गरेपछि ती दुईजना प्रहरीले उनलाई ट्वाइलेटमा लगेर जबर्जस्ती एउटा सानो सिसाको बोतलमा भएको निलो रङ्गको झोल पदार्थ पिलाइदिए जुन तितो थियो । सीताका अनुसार त्यसको केही समयपछि उनलाई नशा लागेको जस्तो भयो र प्रहरी जे भन्यो सोही स्वीकार गरेकी थिइन् । तर चोरी भएको भनिएको ब्याग भने बरामद भएन ।

सोही बेलुका उनीहरूलाई जिल्ला प्रहरी कार्यालय, बाँके लगियो र त्यहाँ प्रहरीले घाउचोटको बारेमा कसैले सोधपुछ गरेमा दाइले कुटेर चोट लागेको भन्नु भनी सिकाएका थिए । अर्को दिन उनको दाइले सो शिक्षिकालाई चोरी भएको भनिएको रु १०,००० तिरिदिए पछि सीता र उनकी आमाले बेलुका खाएको खानाको रु १,००० तिरेर छुटेका थिए । एएफले प्रहरी अधिकारीसँग सो घटनाका बारेमा जानकारी लिने कोसिस गर्दा प्रहरी अधिकारीहरूले सो आरोप झुटो भएको दाबी गरेका थिए तर एकजना प्रहरीले सीतालाई दुईपटक लट्ठीले कुटेको स्वीकार गर्दै महिलालाई भने परिवारको बेइज्जत गरेको भन्दै उनकै आफन्ती पुरुषहरूले कुटपिट गरेको दाबी गरेका थिए । एएफले सीताको फिलामा दुईतीन वटा काला दाग र बायाँ कुममा लामो रातो धर्सो देखेको थियो । सीताकी आमाले सम्पूर्ण शरीर दुखिरहेको र कोखाको पीडाले गर्दा सास फेर्न गाह्रो भएको बताएकी थिइन् ।

## ख. नाबालकमाथि भएको यातना दर

नेपाली कानुनले १६ वर्ष वा त्यसमुनिका[22] कुनै पनि व्यक्तिलाई नाबालक भनी परिभाषित गरेको छ । यो परिभाषा संयुक्त राष्ट्रसंघीय बालबालिकासम्बन्धी अधिकार[23] र स्वतन्त्रताबाट वञ्चित नाबालकको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसंघीय नियम[24] विपरीत छ जसले १८ वर्षमुनिका कुनै पनि व्यक्तिलाई नाबालक मानेको छ । अझ, नेपालमा कसुरजन्य दायित्वका लागि न्यूनतम उमेर १० वर्ष भनी तोकिएको छ र यो बालबालिकाको अधिकारसम्बन्धी समितिको धारणाविपरीत छ । समितिका अनुसार कसुरजन्य दायित्वका लागि न्यूनतम उमेर १२ वर्षमुनि हुनुहुँदैन ।[25] बालक १० वर्षभन्दा माथिको हो भनी सुनिश्चित गर्नका लागि गरिने उमेर निर्धारण प्रहरीले प्रायः गर्दैन भनी उल्लेख गर्नु जरुरी छ । यो प्रतिवेदनको उद्देश्यका लागि एएफले १८ वर्ष वा सोभन्दा मुनिको व्यक्तिलाई नाबालक भनी परिभाषित गरेको छ ।

सन् २०१४ मा एएफले ३६० नाबालक थुनुवासँग कुरा गऱ्यो जुन अन्तर्वार्ता गरिएका कुल थुनुवामा १८.८% स्थान ओगट्छन् । यी नाबालकमध्ये ८७ जना (२४.१%) ले थुनामा यातना वा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहारबाट पीडित हुनुपरेको भनी बताए । वयस्क थुनुवाउपर भएको भनिएको यातनाको दर


[22] Children's Act, May 1992, art 2(a).

[23] *Convention on the Rights of the Child*, opened for signature 20 November 1989, 1577 UNTS 3 (entered into force 2 September 1990), art 1.

[24] UN Doc A/RES/45/113 (14 December 1990).

[25] CRC/C/GC/10, para 32.

(१४.४%) भन्दा अनि समग्र थुनुवाउपर भएको भनिएको यातनाको दर (१६.२%) भन्दा यो अत्यन्तै उच्च दर हो । सन् २०१३ मा अवलोकन गरिएको दरभन्दा यो केही उच्च दर हो । त्यतिखेर २३.१% प्रतिशत नाबालकले आफूहरूमाथि यातना भएको भनी बताएका थिए । प्रहरीले दिने यातनाको यस्तो उच्च जोखिममा नाबालकहरू रहेकोमा एएफ चिन्तित छ ।





**रेखाचित्र १३ : यातना पाएको भन्ने नाबालकको संख्या, उमेर अनुसार (सन् २०१४) ।**

उमेर कोष्ठकको बढोत्तरीसँगै थुनामा राखिएका नाबालकको संख्यामा वृद्धि देखिएपनि यातना भएको भनिएका व्यक्तिको संख्या बढेको देखिँदैन । विशेषगरी १३ वर्षका तथा १६ वर्षका थुनुवाले औसत (२४.१%) भन्दा उच्चतर दर (३८%) मा यातना भएको बताए यद्यपि उमेरअनुसार यातनाका दरमा आएका यी फरकले तथ्यांकीय महत्वका आवश्यकतालाई पूर्ति गर्न सक्दैनन् ।

समग्र थुनुवाकै जस्तो नाबालकउपर भएका यातनाका दर जिल्लाअनुसार उल्लेख्य रूपमा फरक परेका छन् । बाँकेमा औसत (२४.१%) भन्दा उल्लेख्य रूपमा बढी नाबालकउपर यातनाको दर (५१.३%) भेटियो । बाग्लुङले समेत चिन्ताजनक रूपमा ७२.७% यातना दर देखाएको भएपनि यो नमुना आकार उल्लेख्य परीक्षणका पूर्वसर्तका पूरा गर्नका लागि अत्यन्तै सानो छ । रेखाचित्र १५ ले थप देखाएअनुसार

बाग्लुङ, बाँके र काठमाडौंमा वयस्कउपर गरिने यातनाको लगभग दुईगुणा बढी यातना नाबालकउपर हुने देखिन्छ ।




**रेखाचित्र १४ : जिल्लाअनुसार नाबालक तथा वयस्कले पाएको भनिएको यातना दर (सन् २०१४) ।**

***घटना विवरण : राजेन्द्र र अञ्जय*** [26]



साउन १८, २०७१ को बिहानीपख १९ वर्षजति उमेर भएका राजेन्द्र र अञ्जयलाई चोरीको आरोपमा बर्दिया जिल्लामा पक्राउ गरियो । उनीहरूले एएफलाई बताए अनुसार चार प्रहरीले उनीहरूलाई धोधारी प्रहरी चौकी पुऱ्याए जहाँ उनीहरूलाई टाउको मुनि पारेर एउटा भित्तामा उभिन लगाइयो र लठ्ठीले कुटपिट गरियो । पाइतालामा चारचोटि, नितम्ब, ढाड र हातमा पाँच वा छचोटि पिटिएको अनि गालामा चारपाँचचोटि चड्काइएको भनी राजेन्द्र अनुमान गर्छन् । नितम्बमा तीनचोटि हिर्काइएको भनी अञ्जयले एएफलाई बताए । त्यसपछि उनीहरूका अनुसार उनीहरूलाई बाहिर लगेर

[26] Names have been changed.

ग्राभेल गरिएको बाटोमा करिब १० मिनेटजति घस्रिन लगाइयो । राजेन्द्रका अनुसार त्यसपछि उनीहरूलाई १० मिनेटसम्म भ्यागुता उफ्रेजस्तो उफ्रिन लगाइयो अनि अप्ठ्यारा आसनमा बस्न बाध्य पारियो ।

दिउँसो ती दुई बालकलाई बर्दिया जिल्ला प्रहरी कार्यालय पुऱ्याइयो । एएफलाई उनीहरूले बताएअनुसार तीनजना प्रहरीले उनीहरूलाई चोरेको भनिएको सामानहरूका बारेमा प्रश्न गरे । उनीहरूका अनुसार एकजना प्रहरीले अञ्जयको कपालमा समातेर टाउको एउटो भित्तोमा बजार्दै साबिती दे भने । राजेन्द्रका अनुसार अन्य प्रहरीहरूले उनलाई हातखुट्टा टेकेर झुक्न लगाए अनि एउटा लट्ठीले उनको पाइताला र नितम्बमा हिर्काए । त्यसपछि दुवै युवकलाई एकअर्काका गालामा चारचोटि थप्पड हान्न लगाइयो ।

एएफका अधिवक्ताले ती दुई बालक पक्राउ परेको साँढे दुई हप्तापछि भेट्दा अञ्जयको पाखुरा र राजेन्द्रको ढाडमा निको भइसकेका घाउका टाटा देखे । ती युवकहरूले यातनाका कारण दुई दिनसम्म पीडा सहनुपरेको बताए । पछि एएफलाई बताएअनुसार प्रहरीले ती युवकहरूलाई यातनाको घटना मानवअधिकार अधिवक्तासमक्ष खुलासा गरेकोमा हप्काइदप्काइ गरे र उनीहरूलाई यातना नदिएको तथा ती घाउहरू फोका फुटेर बनेका भन्ने विवरणयुक्त कागजमा हस्ताक्षर गर्न बाध्य पारे । उनीहरूका अनुसार सरकारी वकिलको कार्यालयमा एउटा बयानमा के लेखिएको छ भन्ने कुरा नबताइकनै उनीहरूलाई हस्ताक्षर गर्न लगाइयो । परिवारले धरौटी तिरेपछि उनीहरूलाई पक्राउ गरेको एक महिनापछि थुनामुक्त गरियो ।

# ५ यातना सम्बन्धी विधेयक

सन् २०१५ मा गृह मन्त्रालयले यातना वा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार (कसुर र सजाय) सम्बन्धी विधेयक संसदमा पेश गऱ्यो । उक्त विधेयकले यातनालाई फौजदारी कसुर स्थापित गर्ने, यातनाका उजुरमा अनुसन्धान र अभियोजन गर्ने संयन्त्रको निर्माण र पीडितलाई क्षतिपूर्ति प्रदान गर्ने प्रस्ताव गरेको छ । प्रस्तावित विधेयक संविधानसभा[27] भंग हुनुअगावै अप्रिल २०१२ मा प्रस्ताव गरिएको विधेयकसँग मिल्दोजुल्दो छ । उक्त विधेयकलाई न सार्वजनिक रूपमा न त संसदमा नै छलफल गरियो तर यसलाई चाँडै नै संसदबाट पारित गरिने आशा गरिएको छ ।

उक्त विधेयक प्रस्ताव गर्नु सकारात्मक कदम भएतापनि यसको विषयवस्तुमा सार्वजनिक रूपमा बृहत्तर छलफल हुनसकेको भए स्वागतयोग्य हुने थियो । संसदमा प्रस्तुत उक्त विधेयकबाट विद्यमान कानुनी संरचनामा महत्वपूर्ण सुधार भएको छ र यसमा त्यस्ता धेरै सकारात्मक प्रावधान छन् जसको कार्यान्वयन भएमा संयुक्त राष्ट्रसंघीय यातनाविरुद्धको महासन्धि (CAT) तथा मानवअधिकार सम्बन्धी अन्य अन्तर्राष्ट्रिय महासन्धि अन्तर्गतका नेपालका दायित्वहरू धेरै हदसम्म निर्वाह हुनेछन् । अपितु, उक्त विधेयकले आफ्ना उद्देश्य हासिल गर्न र नेपाल राज्यले आफ्ना सन्धिजनित दायित्व निर्वाह गरेको सुनिश्चित गर्नका लागि उक्त विधेयक लागू हुनुपूर्व केही महत्वपूर्ण प्रावधानलाई संशोधन गर्नुपर्दछ । ऐनका उद्देश्यलाई थप प्रभावकारी ढङ्गले हासिल गर्नका लागि सभासदहरूले केही महत्वपूर्ण थप प्रावधान समावेश गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

[27] For more details on the 2012 bill, see further Advocacy Forum, 'Torture of Women: Nepal's Duplicity Continues', June 2012, http://advocacyforum.org/_downloads/torture-of-women-report-june-26-2012-english.pdf, pp. 52-59.

## क. यातनासम्बन्धी अन्तर्राष्ट्रिय दायित्वहरू

यातना एवम् अन्य दुर्व्यवहारविरुद्धका राज्यका दायित्वलाई मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूले बृहत् रूपमा संरक्षण गरेका छन्। यातनाविरुद्धको महासन्धि अन्तर्गत (अन्य दायित्व बाहेक) प्रत्येक पक्षराष्ट्रले यातना एवम् अन्य दुर्व्यवहारका कार्यमा रोक लगाउने (दफा २), त्यस्ता कार्यलाई आफ्नो फौजदारी कानुन अन्तर्गत कसुर ठहराउने (दफा ४), यातनाका संदिग्ध व्यक्तिलाई अनुसन्धान, अभियोजन वा सुपुर्दगी (दफा ५-७ र १२) गर्ने, कुनै पनि व्यक्तिलाई यातना दिइएका विषयमा उजुरी गर्ने र उक्त उजुरी निष्पक्ष रूपमा छानबिन गर्न पाउने कुरा सुनिश्चित गर्ने (दफा १३), यातना एवम् अन्य दुर्व्यवहारको कार्यबाट पीडित व्यक्तिले उपचार पाउने सुनिश्चित गर्ने (दफा १४)[28] आदि राज्यपक्षको दायित्व हुनेछ।

उपरोक्त दायित्वहरू निर्वाह गर्न यातनाको राष्ट्रिय परिभाषा कम्तीमा पनि राष्ट्रसंघीय यातनाविरुद्धको महासन्धिको झैं विस्तृत हुनुपर्छ जसले यातनालाई निम्नानुसार परिभाषित गर्दछ :

> कुनै सार्वजनिक अधिकारी वा सरकारी हैसियतमा काम गर्ने अन्य कुनै व्यक्तिबाट वा निजको बहकाउ वा सहमति वा मौन सहमतिमा कुनै व्यक्ति वा तेस्रो व्यक्तिबाट जानकारी वा साबिति लिने वा निज वा तेस्रो व्यक्तिले गरेको वा गरेको भनी शंका गरिएको कार्यको लागि दण्ड दिने, वा निज वा तेस्रो व्यक्तिलाई त्रास देखाउने वा जोरजुलुम गर्ने जस्ता उद्देश्य वा कुनै पनि प्रकारको भेदभावमा आधारित कुनै कारणका लागि सो व्यक्तिलाई जानीजानी शारीरिक वा मानसिक कठोर पीडा वा कष्ट दिने कार्य सम्झनुपर्छ।[29]

तसर्थ यातनाको राष्ट्रिय परिभाषाले कम्तीमा पनि कुनै सार्वजनिक अधिकारी वा सरकारी हैसियतमा काम गर्ने अन्य कुनै व्यक्तिले कुनै परिवेशमा यातनाको परिभाषामा उल्लेखित अन्य तत्व पूरा गर्दै पीडा वा कष्ट दिएको भन्ने कुरा समावेश गरेको हुनुपर्दछ भन्ने स्पष्ट छ। यातनाविरुद्धको समितिले दुर्व्यवहारलाई उत्तिकै रोक लगाएको भनी स्पष्ट उल्लेख गरिएको भएतापनि यातनाविरुद्धको महासन्धिमा परिभाषित नभएको भएपनि "पीडा र कष्टको गाम्भीर्यमा भिन्नता हुन्छ र निषेधित उद्देश्यको (impermissible purposes) प्रमाण आवश्यक नपर्न सक्दछ।[30]

[28] In relation to Ill-treatment, see CAT, General Comment No. 2: Implementation of article 2 by States Parties, U.N. Doc. CAT/C/GC/2/CRP. 1/Rev.4 (2007), para. 6.

[29] CAT, Art. 1.

[30] CAT, General Comment No. 2, para. 10.

पीडितहरूलाई उपचार प्रदान गर्ने यसको दायित्व निर्वाह गर्नका लागि यातनाविरुद्धको समितिले "यसमा निम्न पाँच प्रकारको परिपुरण पद्धति समावेश गरिनुपर्छ भनी व्यक्त गरको छ : पुनर्प्राप्ति, क्षतिपूर्ति, पुनःस्थापना, सन्तोष र नदोहोरिने प्रत्याभूति"।[31] परिपुरण "पर्याप्त, प्रभावकारी र बृहत् हुनुपर्छ", "पीडितको विशेष प्रकारका आवश्यकता अनुरूपको हुनुपर्दछ" र "तिनीहरू विरुद्ध गरिएका ज्यादतीको गाम्भीर्य अनुसारको हुनुपर्दछ।"[32] उपचारका हकदार पीडित को हुन् भन्ने परिभाषा बृहत् हुनुपर्दछ र त्यसमा निम्नलिखित तत्व समावेश गरिनुपर्दछ :

> महासन्धिको उल्लंघनको दर्जामा पर्ने कुनै पनि जानाजान वा भूलवश भए/गरिएका शारीरिक वा मानसिक आघात, भावनात्मक पीडा, आर्थिक क्षति वा मौलिक अधिकारको गम्भीर उल्लंघन लगायतका कार्यबाट वैयक्तिक वा समूहगत रूपमा हानि पुगेका व्यक्ति। उल्लंघनमा संलग्न पीडकको पहिचान नभएको, पक्राउ नगरेको, अभियोजित वा दोषी मुकर्रर नभएको र पीडकको पीडितसँग कुनै पनि पारिवारिक वा अन्य सम्बन्ध भएको भएतापनि कुनै पनि व्यक्तिलाई पीडित मानिनुपर्दछ। पीडित शब्दले पीडितका निकटतम परिवारजन वा आश्रित व्यक्ति र पीडितलाई सहयोग गर्न वा पीडितको बचाउ गर्ने कार्यमा हस्तक्षेप गर्दा सिकार बनेका व्यक्ति समेत समाविष्ट हुन्छन्।[33]

यातनाविरुद्धको महासन्धिसँग मेल खाने कुराको सुनिश्चितताको लागि विधेयकमा उल्लेखित परिभाषाहरू समावेश हुनुपर्दछ।

## ख. विधेयकका सकारात्मक पक्ष

विधेयकका धेरै सकारात्मक पक्ष छन् जसमध्ये :

- यातना वा क्रूर, अमानवीय वा अपमानजनक कार्यहरू आफ्नो फौजदारी कानुन अन्तर्गत कसुर ठहर गरेको (दफा ३ र ५) र उक्त अपराधलाई सजाय मुकर्रर गरेको, हिरासतमा राख्ने समेत गरेको (दफा २२)
- यातना वा क्रूर, अमानवीय वा अपमानजनक कार्यहरूलाई परिभाषित गरेको (दफा २), र कुन कुन कृत्य यातनाको दर्जामा पर्दछन् भनी विस्तृत सूची उल्लेख भएको (दफा ४)

[31] CAT, General Comment No. 3: Implementation of Article 14 by States Parties (2012), CAT/C/GC/3, para. 6.

[32] *Ibid.*

[33] *Ibid.*, para. 3.

- थुनामा राखिएका व्यक्तिमा देखिएका निलडाम, घाउ वा दाग यातना दिइएको कारण हो भनी खण्डन गर्न सकिने गरी पूर्वानुमानको सुविधा दिने (दफा ६)
- यातना एवं दुर्व्यवहारको रोकथामका लागि खटिएका अधिकृतलाई सकारात्मक जिम्मेवारी वहन गराउने र आफनो कमाण्ड अन्तर्गतका कर्मचारीबाट भएका यातना वा दुर्व्यवहार भएको प्रमाणित भएमा उच्चअधिकारीको जवाफदेहितामा खण्डन गर्न सकिने पूर्वानुमान गर्न सकिने (दफा ७)
- हरेक अधिकृतलाई यातना दिइने कुरा थाहा पाएमा आफूभन्दा माथिल्लो दर्जाको अधिकृतलाई सूचना दिनुपर्ने सकारात्मक जिम्मेवारी प्रदान गरेको (दफा ८)
- उच्चअधिकारीको जवाफदेहिताको प्रावधान र कसैको आदेशअनुरूप कार्य गरेको भनी कुनै किसिमको प्रतिरक्षा प्रदान नगरिएको (दफा १०)
- उजुरी लिन, त्यसको अनुसन्धान र अभियोजन गर्न एउटा प्रणालीको विकास गर्नुपर्ने, साथै अनुसन्धानको प्रक्रियामा रहेका व्यक्तिलाई थुनछेकको प्रावधान पनि राख्ने उल्लेख भएको (दफा १३ र २१)
- पीडितलाई क्षतिपूर्ति प्रदान गर्न सक्ने (दफा २३) र उक्त कार्य ३५ दिने हदम्याद भित्र कार्यान्वयन हुनुपर्ने प्रावधान भएको (दफा २४)
- थुनामा राखिएका व्यक्तिको शारीरिक जाँच गर्ने प्रणाली (दफा २५ र २६) र सुरक्षाका लागि साक्षीहरूले अदालतमा निवेदन दिनसक्ने प्रावधानको उल्लेख भएको (दफा २८)
- यातना दिई कुनै साबिती लिइएको छ भने त्यसलाई निज व्यक्तिविरुद्ध प्रमाणको रूपमा कुनै अवस्थामा पनि ग्राह्य नहुने भनी उल्लेख गरिएको (दफा २९)
- अनिष्कासन (non-refoulement) को नियम समावेश गरिएको जसले कुनै व्यक्तिलाई उसको देशमा यातना दिइने खतरा भएको खण्डमा नेपाली भूमिबाट उक्त व्यक्तिहरूलाई उनीहरूको देशलाई सुपुर्दगी गर्ने वा फिर्ता पठाउने कामबाट रोक लगाएको (दफा ३६)

उक्त प्रावधानहरू जारी गरी सही ढङ्गले कार्यान्वयन गरेमा त्यसले नेपालमा यातना दिने कार्यको रोकथाम गर्न महत्वपूर्ण योगदान गर्नसक्ने थियो, साथै पीडितले न्याय र परिपुरण प्राप्त गर्नसक्ने सम्भावना बढेर जाने थियो ।

## ग. संशोधनका प्राथमिकता

विधेयकका केही प्रावधानले आफ्नै उद्देश्यलाई चुनौती दिने हैसियत राख्दछन् । यी विषयले उक्त विधेयकले यातना एवम् दुर्व्यवहारका पीडितलाई न्याय प्रदान गर्न सक्छ त भन्ने कुरामा महत्वपूर्ण प्रभाव पार्दछ ।

**उक्त विधेयकले यातनाविरुद्धको महासन्धिजनित नेपालका दायित्व निर्वाह गर्न त्यसमा भएका पाँचओटा प्रावधानलाई प्राथमिकताको रूपमा संशोधन गर्नुपर्दछ :**

- **उजुरी हाल्ने (दफा १३) तथा अभियोग दर्ता (दफा ३१) गर्ने अत्यन्तै छोटो हदम्यादलाई बदर गर्ने**
- **दण्ड सजायका प्रावधान जसले यातनाको अपराधीलाई केवल जरिवानाको सजाय दिन्छ र जसले कारगारको सजाय दिए पनि बढीमा पाँच वर्ष मात्र तोक्छ त्यस्तालाई संशोधन गर्ने (दफा २२)**
- **क्षतिपूर्ति प्रदान गर्नसक्ने तहमा हद निर्धारण गर्ने कार्य हटाउने (दफा २३)**
- **गलत उजुरी हाल्ने सम्बन्धी प्रावधान बदर गर्ने (दफा ३४)**
- **"असल नियत" ले कार्य गरेको भनी अधिकृतलाई बचाउने कार्य हटाउने (दफा ३५) ।**

### *(अ) उजुरी हाल्ने (दफा १३) तथा अभियोग दर्ता (दफा ३१) गर्ने हदम्यादलाई बढाउनुपर्छ*

विद्यमान यातनासम्बन्धी क्षतिपूर्ति ऐन २०५३ मा जस्तै उक्त विधेयकमा पनि पीडित व्यक्तिले आफूलाई यातना दिएको वा दुर्व्यवहार गरेको मितिले वा थुनाबाट मुक्त भएको मितिले ३५ दिनभित्र उजुरी दिन सक्नेछ (दफा १३) भनी उल्लेखित छ । साथै अपराध भएको मितिले ६ महिनाभित्रसम्ममा अभियोग दर्ता गरिसक्नुपर्नेछ भनी त्यसमा उल्लेख छ (दफा ३१) । यो २० वर्ष भित्रसम्म उजुरी हाल्न सक्ने प्रावधान भएको हत्याजस्ता अन्य गम्भीर प्रकृतिका अपराधभन्दा पूर्ण रूपमा भिन्न छ ।[34]

यी दुवै प्रावधानले कानुनको कार्यान्वयनमा गम्भीर रूपले व्यवहारिक बाधाहरू निम्त्याउनका साथै संयुक्त राष्ट्रसंघीय यातनाविरुद्धको समिति र संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिले नेपालमा यातनासम्बन्धी निकालेका विशेष निष्कर्ष विपरीतसमेत रहेका छन् ।

[34] And two years where a complaint is filed without referring to murder: National Code (Muluki Ain) 2020, Part 4, Chapter 10 (on Homicide), No. 20.

व्यवहारिक रूपमा हेर्दा पीडित व्यक्तिले यातना दिएको वा दुर्व्यवहार गरेको मितिले ३५ दिनभित्र उजुरी दिन नसक्ने धेरै कारणहरू छन् । पीडित व्यक्ति दुर्व्यवहार गर्ने निकायसँग यथार्थमा डराएको हुनसक्छ, यातनाको कारण शारीरिक र/वा मानसिक आघातहरू भोगिरहेको हुनसक्छ, उसलाई कानुनी परामर्शसम्मको पहुँच नहुनसक्छ वा भौगोलिक सीमाका कारणले गर्दा उजुर गर्न कठिनाइ हुनसक्छ ।[35] कुनै अवस्थामा पीडित व्यक्तिले ३५ दिनभित्र उजुरी दिन सफल भए पनि सरकारी वकिलको कार्यालयले यातनाको अभियोगपत्र उक्त आरोपित कार्य भएको ६ महिनाभित्रसम्म दर्ता गर्न सक्छ । उक्त वारदातलाई तुरुन्तै सम्बन्धित निकायले ग्रहण नगरेमा ती यातनाका अभियुक्त जवाफदेही हुनबाट विमुख हुनसक्दछन् भन्ने जस्ता अस्पष्टता प्रदान गर्दै न्यायसम्पादनमा यो अर्को ठूलो बाधक बन्न सक्दछ ।

यसको आधारमा हेर्दा अन्तर्राष्ट्रिय कानुन स्पष्ट छ : यी प्रावधानहरू समावेश गर्दा यातनाविरुद्धको महासन्धि र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (आइसिसिपिआर) अन्तर्गत रहेका नेपालको दायित्वको उल्लंघन हुनेछ । सन् २०१३ को *महर्जनविरुद्ध नेपाल सरकार*को मुद्दामा संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिले विशेष रूपमा हाल विद्यमान नेपालको प्रावधानअनुसार यातनासम्बन्धी क्षतिपूर्ति ऐन अन्तर्गतको उजुरीका लागि ३५ दिने हदम्यादको विषयलाई ध्यानमा राखी उक्त विषयमा "अपराधको गाम्भीर्यको तुलनामा उक्त म्याद स्पष्ट रूपले अपर्याप्त छ"[36] भनी व्यक्त गरेको छ । उक्त समितिले नेपाल सरकारलाई "आलेखका प्रावधानअनुरूप आफ्ना कानुनको संशोधन गर्न, यसका साथै उजुरीका लागि यातना दिएको मितिले वा थुनाबाट मुक्त भएको मितिले ३५ दिने कानुनी हदम्यादमा संशोधन गरी उक्त म्याद बढाउन भनी निर्देशन दिएको छ..."।[37] सन् २०११ मा यातनाविरुद्धको समितिको विचारमा नेपालको सन्दर्भमा "पीडितले उपचारका लागि हाल्नसक्ने उजुरीको योग्यता हदम्यादको विषय बनाउनुहुँदैन ।"[38] तसर्थ, मस्यौदा

[35] See CAT, General Comment No. 3, para. 38; ECtHR [GC], *Mocanu& Ors v Romania* (2013), Apps. nos. 10865/09, 45886/07 and 32431/08, 17 September 2014, para. 274.

[36] UN HRC, *Maharjan v Nepal*, Comm. No. 1863/2009, 19 July 2012, CCPR/C/105/D/1863/2009, para. 7.6. See also Human Rights Committee, General Comment No. 31: Nature of the General Legal Obligation on States Parties to the Covenant (2004), CCPR/C/21/Rev.1/Add.13, para. 18.

[37] *Ibid*., para. 9.

[38] CAT, Report on Nepal adopted by the Committee against Torture under article 20 of the Convention and comments and observations by the State party (2012), A/67/44, Annex XIII, adopted 3 June 2011, para. 110(i).

अनुरूप नै कानुन लागु गर्नु मानवअधिकार समिति तथा यातनाविरुद्धको समिति दुवैको दृष्टिकोणको प्रत्यक्ष विपरीत हुनेछ ।

यातनाविरुद्धको समितिले पटकपटक स्पष्ट पारेको छ कि यातनाविरुद्धको महासन्धि अन्तर्गत यातनालाई कहिले पनि हदम्यादको विषय बनाउनुहुँदैन र कुनै पनि दुर्व्यवहारसम्बन्धी उजुर गर्ने हदम्याद पर्याप्त तोकिएको हुनुपर्दछ ।[39] साथै, आइसिसिपिआर अनुरूप राज्यले आफ्नो दायित्व कायम गर्न छोटो अवधिको अर्थहीन हदम्यादलाई खारेज गर्नुपर्छ भनी मानवअधिकार समितिले स्पष्ट पारेको छ ।[40]

**सुझाव** : उजुरी दर्ता गर्ने समयावधि निर्धारण गर्ने प्रावधानलाई हटाउन दफा १३ र ३१ संशोधन गर्ने र अपराधको अभियोजन वा परिपुरणको प्रावधानमा तोकिएका हदम्याद खारेज गर्ने । त्यस्ता हदम्याद समावेश गरिएता पनि लामो वा पर्याप्त अवधि छुट्याइनुपर्ने र उक्त अवधि बढाउनुपर्ने पर्याप्त आधार विद्यमान भएमा अदालतलाई सो विषयमा स्वविवेक प्रयोग गर्न दिने । प्रावधानहरूलाई यथावत राख्नु यथार्थमा ऐनको उद्देश्य पूर्तिमा बाधक साबित हुन्छ ।

### *(आ) दण्डसजायका प्रावधानलाई दिगो बनाउनुपर्छ (दफा २२)*

उक्त विधेयकमा यातना दिने कार्य गर्ने वा आदेश दिने व्यक्तिलाई सजायको रूपमा पाँच वर्षसम्म कैद र/वा रु ५०,००० सम्म जरिवाना गर्ने प्रावधान छ । यद्यपि यातनाका कारण पीडित अङ्गभङ्ग भएमा, बलात्कार वा यौन हिंसाका सिकार भएमा वा हिंसा भड्काउने अन्य सूचीकृत तत्व विद्यमान छ भने उक्त तोकिएको सजाय १० प्रतिशतले बढ्नेछ (दफा २२) । तसर्थ यातनाको अभियुक्तलाई सजायको रूपमा जरिवाना मात्र पनि हुनसक्दछ ।

उक्त प्रावधान नेपालको महासन्धिजनित दायित्व अनुरूप छैन । यातनाविरुद्धको महासन्धि अन्तर्गत नेपाल सरकारले यातना दिने कार्यमा संलग्न व्यक्तिलाई उपयुक्त दण्ड दिनुपर्ने प्रावधानले उक्त अपराधको गम्भीरतालाई दर्साउँछ (दफा ४(२)) । यातनाविरुद्धको समितिले सामान्य रूपमा एउटा लामो समयको कैद सजाय उपयुक्त हुन्छ भनी स्पष्ट पारेको छ । यद्यपि त्यस समितिले सजायलाई आवश्यक अवधिको

[39] See, eg. CAT, General Comment No. 3, para. 40; Concluding Observations on Slovenia, CAT/C/CR/30/4, 27 May 2003, paras. 5 (Subjects of Concern) and 6(b) (Recommendations); Concluding Observations on Turkey, CAT/C/TUR/CO/3, 20 January 2011, para. 24 (where it expressed concern at a limitation period of 15-40 years).

[40] Human Rights Committee, General Comment No. 31, para. 18.

लागि नियम भने निर्धारण गरेको छैन तर पनि बढीमा ५ वर्ष सजाय तोक्ने प्रावधान अपर्याप्त छ भनी स्पष्ट पारेको छ ।[41]

संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिले नेपालले विशेष रूपमा "यातनाको परिभाषा एवं रोक लगाउने र अन्तर्राष्ट्रिय मान्यताअनुसार अपराधको गाम्भीर्यअनुरूप दण्ड एवं उपचार मुकर्रर गर्ने खालको कानुन अवलम्बन गर्नुपर्छ"[42] भन्ने पनि सुझाव दिएको छ ।

यातनाको कसुरमा अन्य राष्ट्रद्वारा अवलम्बित कैद सजाय यस प्रकार छ : माल्दिभ्स (२५ वर्ष), फिलिपिन्स (Reclusion perpetua अर्थात २०–४० वर्ष), इन्डोनेसिया (१५ वर्ष), श्रीलंका (१० वर्ष), युगान्डा (१५ वर्ष), बेलायत र वेल्स (जन्मकैद), अस्ट्रेलिया (२० वर्ष) ।

**सिफारिस :** यातनासम्बन्धी अपराधमा पर्याप्त अवधिसम्म कैद सजाय सुनिश्चित गर्ने गरी दफा २२ लाई संशोधन गर्नुपर्दछ । कैद सजायको अधिकतम अवधि पर्याप्त रूपमा बढाउनुपदर्छ ।

### *(इ) क्षतिपूर्ति रकमको हद तोक्ने प्रावधानको खारेजी (दफा २३)*

विधेयकमा पीडितलाई क्षतिपूर्ति प्रदान गर्ने प्रावधान भएतापनि क्षतिपूर्ति रकमको हद पाँच लाखसम्म तोकेको छ (दफा २३) । विद्यमान यातना क्षतिपूर्ति ऐनमा रहेको एक लाखको हदको खारेजी र प्रस्तावित नयाँ हद एक महत्वपूर्ण सुधार हो ।

यातनाविरुद्धको महासन्धि अन्तर्गत नेपाल सरकारले यातना एवं दुर्व्यवहारका पीडितलाई अपराधको गाम्भीर्य तथा शारीरिक र मानसिक आघातलाई ध्यानमा राखी पर्याप्त, प्रभावकारी र प्रतिशतको आधारमा परिपुरण दिन सुनिश्चित गर्नुपर्छ ।[43] यस्तो किसिमको परिपुरण पूर्ण एवं बृहत्तर हुनुपदर्छ,[44] र क्षतिपूर्ति मात्र पर्याप्त उपचार हुनसक्दैन ।[45]

यातनाविरुद्धको समितिले क्षतिपूर्ति सम्बन्धी निम्नानुसार व्यवस्था गरेको छ :

[41] Manfred Nowak & Elizabeth McArthur, The United Nations Convention against Torture. A Commentary, Oxford University Press, 2008, pp. 249-250.

[42] UN HRC, Concluding Observations on the Second Periodic Report of Nepal (2014), CCPR/C/NPL/CO/2, para. 10.

[43] CAT, General Comment No. 3, para. 6. See also HR Ctee, General Comment No. 31, paras. 16 and 20, referring to "*appropriate*" remedies.

[44] CAT, General Comment No. 3, para. 6.

[45] *Ibid*., para. 9.

> पीडितलाई तोकिएको क्षतिपूर्ति रकम यातना एवं दुर्व्यवहारको कारणले भएका कुनै पनि आर्थिक रूपमा मापन हुने, आर्थिक वा अन्य क्षति बराबरको क्षतिपूर्ति हुनुपर्दछ । यसमा यी यावत् कुरा समावेश हुनसक्छ : चिकित्सामा लागेको खर्च फिर्ता गर्ने र पूर्ण पुनःस्थापन यथाशीघ्र सुनिश्चित गर्न पीडितलाई भविष्यमा आवश्यक पर्नसक्ने चिकित्सा खर्च वा पुनःस्थापनका सुविधाका लागी कोष/खर्चको व्यवस्था गर्ने, शारीरिक र मानसिक आघात भएका कारण आर्थिक वा अन्य क्षति, यातना वा दुर्व्यवहारका कारण कमाइ नभएको र अङ्गभङ्ग भई कमाउन अयोग्य भएको; र जागिर र शिक्षाजस्ता अवसर गुमाएको ।[46]

तसर्थ कानुनमा क्षतिपूर्तिको प्रावधानमा स्वेच्छाचारी हद निर्धारण गर्नुहुन्न । समितिले बयान गरे अनुसारको क्षतिका विभिन्न प्रकार हेर्दा यातनाका पीडितलाई छुट्याइएको रु ५,००,०००/– क्षतिपूर्ति रकम अपर्याप्त हुन्छ भन्ने स्पष्ट छ ।

अझ, विधेयकले नियममा अन्य प्रकारका परिपुरण पद्धतिको (पुनर्प्राप्ति, क्षतिपूर्ति, पुनःस्थापना, सन्तोष र नदोहोरिने प्रत्याभूति समेत) सम्भावना परिकल्पना गरेतापनि त्यसलाई यस विधेयकमा सम्बोधन गरिएको छैन । परिपुरणका अन्य पद्धति पछि नीति निर्माण गर्दा समावेश गर्ने भनी पूर्ण रूपले नीति निर्माणलाई मात्र जिम्मा दिनुको सट्टा उक्त विषयमा विस्तृत प्रावधान निर्माण गर्न अहिलेको अवसर प्रयोग गरेको भए उक्त विधेयक अत्यन्तै दिगो हुन्थ्यो ।

**सिफारिस :** दफा २२ बमोजिम तोकिएको क्षतिपूर्ति रकम रु ५,००,००० भनी हद निर्धारण गर्ने किसिमको प्रावधान खारेज गर्नुपर्छ । पुनर्प्राप्ति, क्षतिपूर्ति, पुनःस्थापना, सन्तोष र नदोहोरिने प्रत्याभूति समेत उपचारका अन्य उपाय प्रदान गर्न पनि अझ विस्तृत प्रावधान समावेश गर्नेतर्फ सभासदले ध्यान दिनुपर्दछ ।

### *(ई) गलत उजुरी हाल्नेसम्बन्धी प्रावधान बदर गर्नुपर्छ (दफा ३४)*

विधेयकमा यातनासम्बन्धी गलत उजुरी हाल्ने व्यक्तिलाई जरिवानाको सजाय निर्धारण गर्ने प्रावधान छ (दफा ३४) ।

यातनाको कार्य प्रायः गोप्य रूपले सम्पन्न हुने र शक्तिसम्पन्न व्यक्तिबाट हुने हुँदा यसलाई साबित गर्न अत्यन्तै गाह्रो हुन्छ । यस्तो प्रावधान त्यस्ता वास्तविक पीडितलाई दण्ड दिन प्रयोग गरिन्छ जसले कि त अदालतमा आवश्यक पटकपटकको सुनवाइमा उपस्थित हुन असमर्थ भई मुद्दा फिर्ता लिन बाध्य हुन्छ वा यातना एवं दुर्व्यवहार

[46] *Ibid.*, para. 10.

भएको भनी अदालतलाई विश्वास दिलाउन पर्याप्त प्रमाण पेश गर्न असमर्थ भई आफ्नो उजुरी साबित गर्न सक्दैन ।

ऐनमा यस्तो प्रावधान समावेश गर्नुले यातनाको वास्तविक पीडितलाई उजुरी हाल्नबाट हतोत्साहित बनाउने खतरा हुन्छ जुन यातनाविरुद्धको महासन्धिको दफा १३ अन्तर्गतको नेपालको दायित्व विपरीत हो । कुनै व्यक्तिले गलत उजुरी हालेको भनी साबित भएमा प्रचलित कानुनमा त्यसलाई संबोधन गर्ने संयन्त्र छँदैछ ।

**सिफारिस** : दफा ३४ अनुसार गलत उजुरी हाल्ने व्यक्तिलाई जरिवानाको सजाय निर्धारण गर्ने प्रावधान खारेज हुनुपर्छ ।

### *(उ) 'असल नियतवश' गरेको भनी संरक्षण गर्ने कार्य हटाउनुपर्छ (दफा ३५)*

यस विधेयकले आफूभन्दा माथिल्लो दर्जाको अधिकृतले दिएको आदेशलाई यातना वा दुर्व्यवहारको अपराधमा प्रतिरक्षाको सुविधाको रूपमा नमाने पनि विद्यमान कानुन अन्तर्गत कर्तव्य निर्वाहको दौरान असल नियतवश भए/गरिएका कसुरमा अभियोजन नहुने उल्लेख छ (दफा ३५) ।

अन्तर्राष्ट्रिय कानुन अन्तर्गत यातनाको निषेध निरपेक्ष हुन्छ र त्यसमा राम्रो नियतले कार्य गरेको भन्ने आधारमा कुनै किसिमको प्रतिरक्षाको सुविधा वा स्पष्टीकरण मान्य हुँदैन । यातनाविरुद्धको समितिले यातनाको विषयमा "राम्रो नियत" भन्ने खाले प्रतिरक्षाको सुविधा प्रदान गर्ने राष्ट्रहरूलाई आलोचना गरेको छ,[47] साथै त्यस्ता प्रावधान यातनाविरुद्धको महासन्धिको मान्यता अनुरूप पर्दैन भनी स्पष्ट पारेको छ । यातनाका विषयवस्तु (कुनै पनि अधिकृतले वा उसको संलग्नतामा निषेधित उद्देश्यका लागि नियतवश चरम पीडा वा दुःख दिएको) प्रमाणित भएमा "राम्रो नियत" क्षमाको लागि कुनै आधार हुँदैन र जवाफदेहिताबाट पन्छिने बहाना मात्र हुन्छ ।

**सिफारिस :** दफा ३५ अनुसार "असल नियतवश" कार्य गर्ने कर्मचारीलाई संरक्षण दिने परिपाटी हटाउनुपर्छ ।

[47] See, for example, Concluding Observations on Israel, UN Doc. CAT/C/ISR/CO/4, 23 June 2009, para. 14, available at: http://www.un.org/ga/search/view_doc.asp?symbol=A/64/44.

## घ. न्यायप्राप्तिका दौरान आउनसक्ने तगारालाई सम्बोधन गर्ने सम्बन्धमा सुझाव गरिएका थप प्रावधान

यातना वा अन्य दुर्व्यवहारबाट पीडित भएका व्यक्तिले न्यायप्राप्तिका दौरान सामना गर्नुपर्ने तगारालाई सम्बोधन गर्न र कानुनी संरचनालाई थप सबल बनाउनका लागि सांसदहरूले विधेयकउपर छलफल गर्दा अन्य केही थप पहलकदमी पनि गर्न सकिन्छ भन्ने कुराको हेक्का राख्नुपर्दछ । उक्त कदमहरू निम्नलिखित हुनसक्दछन् :

- **उजुर गर्ने संयन्त्र :** विधेयकको मस्यौदामा यातनासम्बन्धी उजुरीहरू अदालतमा दायर गर्नुपर्ने प्रावधान रहेको छ (दफा १३) । तर गरिबी, अज्ञानता वा भौगोलिक विकटता जस्ता कारणले यातना पीडितहरूको अदालतसम्म पहुँच नपुग्न पनि सक्दछ । त्यसकारण उजुरी दायर गर्ने तथा हिरासतमा रहेका व्यक्तिलाई उजुर गर्न सकिने अधिकारको प्रत्याभूति गराउने संयन्त्र वा निकायहरू बनाइनुपर्ने भन्ने सिफारिस एड्भोकेसी फोरमको रहेको छ । यस्ता निकाय हिरासत प्रमुख, स्वतन्त्र अनुगमन गर्न पाउने अन्य निकाय, प्रहरी र नेपाल मानवअधिकार आयोग हुनसक्दछन् । दायर भएपछि उजुरी अदालतसमक्ष पेश गर्नुपर्ने दायित्व पनि निहित गरिनुपर्दछ ।

- **अनुसन्धान गर्ने निकाय :** प्रस्तावित विधेयक अनुसार छानबिनको प्रक्रिया अदालतबाट परिचालित र निरीक्षित हुन्छ र प्रचलित फौजदारी न्याय प्रणाली बमोजिम नै संचालित हुन्छ (परिच्छेद ३) । अपितु यातना एवम् दुर्व्यवहार सम्बन्धी अपराधमा प्रहरी र सरकारी वकिलले अनुसन्धान र अभियोजन गर्न नचाहने भन्ने अहिलेसम्मको अनुभवले बताउँछ । एएफ के सुझाव दिन्छ भने विधेयकलाई दिगो बनाउन यातना एवं दुर्व्यवहार समेत गम्भीर प्रकृतिका मानवअधिकार हननका उजुरी हेर्न प्रहरी र सरकारी वकिलको कार्यालयबीच विज्ञता हासिल स्वतन्त्र अनुसन्धानात्मक संयन्त्र निर्माण गर्नुपर्दछ ।

- **कानुनी सहायता** : यातनासम्बम्धी उजुरी गर्ने पीडितले आफूले उठाएको मुद्दामा अभियोजनको दौरान आफ्नो भावना प्रस्तुत गर्न निज आफैले कानुनी प्रतिनिधि चयन गर्न पाउने प्रावधान उक्त विधेयकले प्रदान गरेको छ (दफा २१) । अपितु, स्रोत साधनको अभावमा अधिकांश पीडितले आफ्नो वकिल मुकर्रर गर्न सक्दैनन् । न्यायमा पहुँचको व्यापक वृद्धि हुन्छ – र यथार्थमा उपलब्ध र

व्यवहारमा प्रभावकारी हुन्छ – विधेयकले त्यस्तो कानुनी सहायता दिन्छ जसले पीडितले तिर्न नसकेको अवस्थामा उनको कानुनी प्रतिनिधिको खर्चको भार उठाउँछ ।[48]

- **पीडितका अधिकार :** पीडितका आफ्ना अधिकार प्रचलन एवम् भावना संरक्षण गर्न, राज्यले यातनासम्बन्धी उजुरी गर्ने पीडितलाई उसको मुद्दाको कारबाहीको प्रगतिको विषयमा पर्याप्त सूचना प्रदान गर्नुपर्दछ । तसर्थ उक्त विधेयकले निश्चित रूपमा तिनीहरूको अधिकार स्थापित गर्नुपर्दछ – अनुसन्धानको प्रगतिको विषयमा सूचना पाउने अधिकार, कारबाही प्रक्रियामा सहभागी हुनपाउने अधिकार र अभियोजन गर्ने निकायहरूको निर्णयउपर पुनरावेदन गर्ने अधिकार ।

- **शारीरिक जाँच :** यातनाका पीडितलाई संरक्षण एवम् कानुनी उपचार प्रदान गर्ने प्रमुख रणनीति नै थुनामा राखिएका व्यक्तिको शारीरिक जाँच गर्ने प्रणाली हो । हिरासतमा राखेपछि वा छोडिसकेपछि "सम्भव भएसम्म" शारीरिक जाँच उपलब्ध गराउनुपर्ने विधेयकमा प्रावधान छ (दफा २५) । उक्त शारीरिक जाँच प्रणाली प्रभावकारी छ भन्ने सुनिश्चित गर्न, व्यक्ति पक्राउ गरेपछि र हिरासतमुक्त दुवै अवस्थामा यथाशीघ्र शारीरिक जाँच गर्न बाध्यकारी बनाउनुपर्छ (र/वा यातना दिइएको भनी विश्वास गर्ने कुनै आधार भएमा) ।[49] थुनामा भएको व्यक्ति वा उनको कानुनी प्रतिनिधि स्वतन्त्र चिकित्सकबाट जाँच गरी पाऊँ (हालको विधेयकमा कल्पना गरे अनुरूप) भनी अनुरोध गरेमा उक्त खर्च बेहोर्न व्यक्ति असमर्थ छ भने त्यसलाई राज्यले बेहोर्नुपर्छ ।

- **विश्वव्यापी क्षेत्राधिकार** : यातनाविरुद्धको महासन्धि अनुसार हरेक पक्षराष्ट्रले आफ्नो क्षेत्राधिकारभित्र रहेको कुनै पनि यातनाको कार्यमा आरोपित कसुरदारलाई अनुसन्धान गर्न बाध्य हुन्छ र पर्याप्त प्रमाण भएमा उक्त व्यक्तिलाई सुपुर्दगी वा

[48] See further CAT, General Comment No. 3, para. 30 ("States parties should provide adequate legal aid to those victims of torture or ill-treatment lacking the necessary resources to bring complaints and to make claims for redress").

[49] Revised United Nations Standard Minimum Rules for the Treatment of Prisoners (the Mandela Rules), adopted by the Commission on Crime Prevention and Criminal Justice on 21 May 2015, E/CN.15/2015/L.6/Rev.1, Rule 30; UN Office of the High Commissioner for Human Rights (OHCHR), Manual on the Effective Investigation and Documentation of Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment ("**Istanbul Protocol**"), 2004, HR/P/PT/8/Rev.1, para. 126.

अभियोजन गर्नुपर्दछ ।[50] तसर्थ नेपालबाहिर भएको यातनाको अपराधलाई क्षेत्राधिकार प्रदान गर्न निश्चित प्रावधानहरू समावेश गरिनुपर्छ ।

## *यातनासम्बन्धी क्षतिपूर्ति ऐन*

यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ हाल विद्यमान यातनासँग सम्बन्धित एक मात्र राष्ट्रिय कानुन हो । आफ्ना विगतका प्रतिवेदनमा एएफले उल्लेख गर्दै आए बमोजिम यो ऐन यातनाको रोकथाम गर्न, पीडकलाई दण्ड दिन तथा पीडितलाई उचित क्षतिपूर्ति दिलाउनका लागि लगातार अपर्याप्त रहेको छ । त्यसैले गर्दा यो नयाँ विधेयकमा प्रस्तावना गरिएका सुधार स्वागतयोग्य छन् । सन् २००३ देखि एएफले यातनासम्बन्धी क्षतिपूर्ति ऐन अन्तर्गत पीडितका तर्फबाट १४७ वटा मुद्दा दायर गरेकोमा ३६ वटा (२४.५%) मा क्षतिपूर्तिको आदेश जारी भएका छन् ।

सन् २०१४ मा जिल्ला अदालतहरूले ऐनअन्तर्गत क्षतिपूर्तिका दाबीसहित विगतका केही वर्षहरूमा दायर गरेका १३ वटा मुद्दामा फैसला सुनाए । यी १३ मुद्दामा आठवटा (६१.५%) लाई कमजोर प्रमाण - जस्तो, अपर्याप्त स्वास्थ्य प्रतिवेदन) को जिकिर लिएर खारेज गरियो र पाँच मुद्दा (३८.५%) मा अदालतले पीडितलाई क्षतिपूर्ति दिलाउनू भनी आदेश दिए । यी सफल मुद्दामध्ये तीनवटामा अदालतले रु ३,००० क्षतिपूर्ति र पीडकलाई विभागीय कारबाहीको आदेश दियो भने अर्को मुद्दामा अदालतले रु ५,००० क्षतिपूर्ति र पीडकलाई विभागीय कारबाहीको आदेश दियो । अझ अर्को मुद्दामा रु २५,००० क्षतिपूर्तिको आदेश दिइयो भने पीडकलाई विभागीय कारबाहीको आदेश भने दिइएन ।

यी मुद्दा किनारा लगाउनका लागि ७ देखि ३२ महिना लाग्यो । सन् २००३ देखि क्षतिपूर्तिका सफल ३६ मुद्दामा २० वटा (५५.६%) ले पीडकका विरुद्ध विभागीय कारबाही समेत समावेश छन् । सन् २०१४ मा एएफले जिल्ला अदालतहरू समक्ष दुईवटा मुद्दा दायर गऱ्यो र पुनरावेदन अदालतमा दुईवटा पुनरावेदन दायर गऱ्यो ।

अदालतले क्षतिपूर्ति दिलाए पनि क्षतिपूर्ति रकम प्राप्त गर्नका लागि कठिनाइ रहेका गुनासा पनि भेटिन्छन् । क्षतिपूर्तिको आदेश प्राप्त ३६ वटा मुद्दामा पाँच जना मात्र पीडितले क्षतिपूर्ति रकम पाएको अभिलेख एएफसँग छ । ऐनको दफा ९(२.१) ले उल्लेख गरेअनुसार अदालतले आदेश गरेको ३५ दिनभित्र पीडितले क्षतिपूर्ति पाइसक्नुपर्दछ । ऐनअन्तर्गत यातनापीडितले मुद्दा दायर गर्दा तथा क्षतिपूर्तिको अपेक्षा राख्दा अनेकौं व्यवधानको सामना गर्नुपर्दछ ।

[50] CAT, Arts. 5-7.

# ६ प्रहरीद्वारा प्रक्रियागत सुरक्षाउपाय पालन


नेपालको अन्तरिम संविधान (२०६३) तथा यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ मा यातनाविरुद्ध कैयौं सुरक्षाउपाय निर्धारण गरिएका छन् । यो भागमा थुनुवाको अधिकारसम्बन्धी कैयौं प्रावधानको अध्ययन गरिएको छ जसमा पक्राउ पर्नुको कारणका बारेमा जानकारी पाउने,[51] पक्राउ परेको २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष पेश हुन पाउने अधिकार[52] तथा आफैंविरुद्ध साक्षी बन्नबाट बाध्य नपारिने अधिकार[53] पर्दछन् । यो भागमा यातना क्षतिपूर्ति ऐनको दफा ३(२) अनुसार पक्राउ परेको बखत तथा रिहा भएपछि थुनुवाको स्वास्थ्य जाँच गरे नगरेको सम्बन्धमा मूल्यांकन समेत गरिएको छ ।

### क. पक्राउका कारण

नेपालको अन्तरिम संविधान (२०६३) को धारा २४(१)[54] ले पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन भनी सुनिश्चित गरेको छ । थुनामा राख्नुअघि थुनुवाले पक्राउपुर्जी प्राप्त गर्नुपर्छ जसमा कुन आरोपमा उसलाई पक्रिएको हो भन्ने कुरा खुलाउनुपर्छ । सन् २०१४ मा एएफले अन्तर्वार्ता लिएका १,९१६ थुनुवामध्ये १९६ (१०.२%) लाई मात्र धारा २४(१) अनुसार थुनामा राख्नुअघि पक्राउपुर्जी दिइएको थियो । अधिकांश थुनुवा (७७.१%) लाई पक्राउ पर्नुको कारणका बारेमा थुनामा राखेपछि मात्र पुर्जी दिइएको थियो भने २४२ (१२.६%) ले कुनै पनि पक्राउपुर्जी नपाएको बताए ।

[51] Interim Constitution of Nepal, 2063 (2007), art 24(1).
[52] Interim Constitution of Nepal, 2063 (2007), art 24(3).
[53] Interim Constitution of Nepal, 2063 (2007), art 24(7).
[54] Interim Constitution of Nepal, 2063 (2007), available at http://www. lawcommission.gov.np/index.php?option=com_remository&Itemid=17&func=fileinfo&id=163&lang=en

थोरै मात्र अनुपातमा थुनुवाले सही समयमा पक्राउपुर्जी पाउनुले संयुक्त राष्ट्रसंघीय यातनाविरुद्धको समितिका सिफारिसको पालना नभएको संकेत गर्दछ । उक्त सिफारिस अनुसार “पक्षराष्ट्रले व्यवहारमा सबै थुनुवालाई थुनामा राखेको समयबाटै सबैखाले कानुनी सुरक्षाउपाय दिलाउने सुनिश्चित गर्नका लागि तत्कालै प्रभावकारी उपायहरू अपनाउनुपर्छ । यी उपायमा विशेषगरी उनीहरूलाई थुनामा राख्ने बेलामा उनीहरूको अधिकारका बारेमा जानकारी गराउने जसमा उनीहरूका विरुद्ध लगाइएका आरोपको जानकारी गराउने पनि पर्दछन् ।”[55] यसले मानवअधिकार समितिको सिफारिसको समेत पालना नभएको संकेत गर्छ । उक्त सिफारिस अनुसार “पक्षराष्ट्रले कुनै पनि व्यक्तिलाई स्वेच्छाचारी पक्राउ वा थुनामा राख्ने काम नगर्नका लागि तथा थुनामा परेका व्यक्तिले सबै कानुनी प्रत्याभूति प्राप्त गरेको सुनिश्चित गर्नका लागि पक्षराष्ट्रले उपयुक्त उपाय अपनाउनुपर्ने” हुन्छ ।[56]




**रेखाचित्र १५ : थुनाअघि, थुनापछि थुनामा पर्नुको कारणसहितको पक्राउपुर्जी पाउने वा पटक्कै नपाउने थुनुवाको अनुपात (सन् २०१४) ।**


सन् २०१३ को तुलनामा धारा २४(१) अनुरूप थुनामा राखिनुअघि पक्राउपुर्जी पाउने थुनुवाको अनुपात घटेर १५.४% मा झरेको उल्लेख गर्नुपर्दा एएफ निराश

[55] CAT Article 20 Recommendations 109(c) and 110(d).

[56] UN HCR Concluding Observations on the Second Periodic Report of Nepal (15 April 2014), available at http://tbinternet.ohchr.org/_layouts/treatybodyexternal/Download.aspx?symbolno=CCPR%2fC%2fNPL%2fCO%2f2&Lang=en

भएको छ । थुनामा राखेपछि थुनुवाले पुर्जी पाउने घटना ६७.१% बाट बढेको छ भने पक्राउपुर्जी नै नपाउनेको संख्या १७.५% बाट घटेर १२.६% मा झरेको छ ।

व्यक्ति पक्राउ परेको, यातना दिइएको भनिएको तथा थुनामा राखिएको कैयौं दिनसम्म पक्राउपुर्जी र थुनापुर्जी नदिइएको थुप्रै घटनाका बारेमा एएफलाई जानकारी छ । यसमा काठमाडौंका एक १६ वर्षीय बालकसमेत पर्दछन् । उक्त बालकको हकमा एएफका अधिवक्ताले हस्तक्षेप गरेपछि प्रहरीले थुनामा राखेको पाँच दिनमा कुनै आरोप नलगाई रिहा गर्‍यो ।




**रेखाचित्र १६ : सन् २०१३ र २०१४ भरि थुनाअघि र थुनापछि थुनामा राखेको कारणका बारेमा जानकारी पाउने वा पटक्कै नपाउने थुनुवाहरूको अनुपात ।**


## ख. २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष प्रस्तुत गर्ने

अन्तरिम संविधान (२०६४) को धारा २४(३)[57] ले पक्राउ परेको कुनै पनि व्यक्तिको मुद्दा हेर्ने अधिकारीसमक्ष पक्राउको २४ घण्टाभित्र उपस्थित हुन पाउने अधिकार सुरक्षित गरेको छ । एएफले सन् २०१४ मा अन्तर्वार्ता लिएकामध्ये अदालतमा उपस्थित गराइएका १,६९५ थुनुवाको हकमा[58] यो व्यवस्था सान्दर्भिक ठहर्छ र

[57] Interim Constitution of Nepal, 2063 (2007), available at http://www.lawcommission.gov.np/index.php?option=com_remository&Itemid=17&func=fileinfo&id=163&lang=en

[58] Of the detainees interviewed, 221 were not taken to court for legitimate reasons, such as being released without charge. Therefore, they have not been included in this section of the report.

यीमध्ये १,१६४ (६८.७%) थुनुवालाई पक्राउको २४ घण्टाभित्र अदालतसमक्ष पेश गरिएको थियो । सन् २०१३ को तुलनामा यो उल्लेखनीय प्रगति हो, त्यो वर्ष ६२% थुनुवालाई उपयुक्त समयावधिभित्र अदालतसमक्ष पेश गरिएको थियो । सन् २०१४ मा अन्तर्वार्ता लिइएकामध्ये एकतिहाइ (३१.३%) थुनुवालाई मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गरिएको थिएन । गत वर्षको ३८% को तुलनामा यो वर्ष ह्रास आएको देखिन्छ ।





**रेखाचित्र १७ : मुद्दा हेर्ने अधिकारीसमक्ष २४ घण्टाभित्र पेश गरिएका थुनुवाको अनुपात (सन् २०१४) ।**

एएफका अधिवक्ताले बाँकेमा एकजना १६ वर्षीय बालकसँग अन्तर्वार्ता लिए । उनका अनुसार उनलाई घरमा सुतिरहेको बेलामा राति ११ बजे १० देखि १५ को संख्यामा आएका प्रहरीले पक्राउ गरेका थिए । उनलाई सार्वजनिक अपराध गरेको आरोप लगाइयो । उनले एएफलाई बताएअनुसार थुनामा रहँदा उनलाई अपराधमा साबिती नदिउञ्जेलसम्म लात्ती, मुक्का तथा प्लास्टिकको पाइपले कुटपिट गरियो । उनलाई गैरकानुनी रूपमा जिल्ला प्रहरी कार्यालयमा पाँच दिनसम्म थुनेपछि मात्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गरियो, जुन अन्तरिम संविधानको धारा २४(३) विपरीत छ ।

अदालत वा अन्य न्यायिक अधिकारीसमक्ष पेश गरिएका थुनुवामध्ये १८.४% लाई मात्र थुनामा रहँदा यातना वा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार भएको थियो कि भनी न्यायाधीशले सोधेका थिए । यसको विपरीत ८१.६% (१,३८३ थुनुवा) लाई न्यायाधीश वा न्यायिक अधिकारीले यातनाको बारेमा सोधेका थिए ।


यो सन् २०१३ को तुलनामा केही सुधार हो । त्यतिखेर ८२.२% थुनुवाले उनीहरूलाई अदालतमा यातनाको बारेमा नसोधिएको जानकारी दिए । थुनुवाउपर यातना वा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार भएनभएको सोध्नका लागि न्यायिक अधिकारीलाई बाध्य पार्ने कुनै पनि कानुनी प्रावधान हाल विद्यमान छैन । तर थुनुवाहरूउपर यातना भएको छ कि छैन भन्नेबारेमा सोध्नुको महत्वका विषयमा एएफले न्यायाधीशहरूलाई प्रशिक्षित गर्ने गरेको छ । यसो गर्दा प्रहरीहरू यातनाका अभ्यासमा संलग्न हुनबाट रोकिन्छन् ।




**रेखाचित्र १८ : २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष पेश गरिएका थुनुवाको अनुपात (सन् २०१३ र २०१४) ।**

उल्लेख्य संख्याका थुनुवालाई मुद्दा हेर्ने अधिकारीसमक्ष २४ घण्टाभित्र पेश नगरिएकोबाट यातनाविरुद्धको समितिका सिफारिसको पालन नगरेको देखाउँछ । सिफारिस अनुसार पक्षराष्ट्रले सबै थुनुवालाई व्यवहारमै सबै आधारभूत कानुनी सुरक्षाउपायको सुविधा दिलाउने सुनिश्चितताका लागि तत्कालै प्रभावकारी उपाय अपनाउनुपर्छ । यी उपायमा विशेषगरी २४ घण्टाको समयावधिमा न्यायाधीशसमक्ष पेश हुन पाउने अधिकार र कानुनले निर्धारण गरेअनुसार २४ घण्टाभित्र न्यायाधीशसमक्ष पेश नगरी थुनुवालाई प्रहरी थुनामा राख्न नहुने पर्दछन् ।[59]

[59] CAT Article 20 Recommendations 110(d) & (k).




**रेखाचित्र १९ : थुनामा रहँदा यातना वा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहारको अनुभव गर्नुपरेको हो कि भनी न्यायाधीशले सोधेका थुनुवाको अनुपात (सन् २०१४)।**


## ग. आफ्नोविरुद्ध साक्षी बन्न कर नलगाइने अधिकार

नेपालमा प्रहरीले साधारणतया (प्रायः यातनाका माध्यमले) साबिती लिने र त्यो साबितीलाई अदालती प्रक्रियामा प्रमाणका रूपमा पेश गर्ने गर्दछन्। अन्तरिम संविधानको धारा २४(७) विपरीत यसो गर्ने गरिन्छ। उक्त दफाका अनुसार कुनै पनि कसुरमा आरोपित व्यक्तिलाई आफ्नोविरुद्ध साक्षी बन्न कर लगाइने छैन। साबिती यातना वा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहारमार्फत प्राप्त गरिएको हो भन्नेमा अनुसन्धान नगरिकनै त्यसलाई स्वीकार्नका लागि न्यायाधीशहरू तत्पर हुँदा थुनाकेन्द्रहरूमा यातनाको प्रयोगलाई बढावा मिल्छ।

एएफले सन् २०१३ मा आफ्नो प्रश्नावलीलाई परिवर्तन गरेर साबितीहरू कसरी प्राप्त गरिएका थिए र न्यायिक प्रक्रियामा कसरी तिनको प्रयोग भएको थियो भन्ने प्रश्न समेत समावेश गऱ्यो। सन् २०१४ मा एएफले पाँच जिल्लामा १,३५२ थुनुवालाई यो प्रश्नावलीबाट प्रश्न गऱ्यो।[60] अन्तर्वार्ता गरिएकामध्ये ४९.३% (६६६ जना) थुनुवाले साबिती बयानमा हस्ताक्षर गरेको एएफले पायो। साबितीमा हस्ताक्षर गरेका थुनुवामध्ये २६.४% (१७६ जना) ले स्वेच्छाले हस्ताक्षर नगरेको बताए। सन्

[60] These districts are Kathmandu, Kaski, Biratnagar, Banke, Kanchanpur and Rupandehi.

२०१३ देखि यो संख्यामा परिवर्तन आएको छैन । त्यतिखेर २६.३% थुनुवाले स्वेच्छाले साबितीमा हस्ताक्षर नगरेको जानकारी एएफलाई दिएका थिए । सबै साबितीमध्ये एक चौथाइजति करकापमा परेर दिइएको तर अदालतसमक्ष पेश भएकामध्येको ठूलो संख्याका (८१.६%) थुनुवालाई यातना वा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार गरिएको भन्नेबारे कहिल्यै प्रश्न नगरिएको कुरा समस्याग्रस्त छ ।




**रेखाचित्र २० : स्वेच्छाले आफ्नो साबितीमा हस्ताक्षर गर्ने थुनुवाको अनुपात (सन् २०१४) । साबितीमा सही गरेको भन्ने थुनुवालाई मात्र यो नमुनामा संलग्न गरिएको छ ।**


यी तथ्यांकले यातनाविरुद्धको समितिको सिफारिसलाई पालन गर्न राज्य चुकेको प्रस्ट पार्छन् । सिफारिसअनुसार साबिती स्वेच्छाले दिइएको थियो भन्ने प्रमाणको भार अभियोजन पक्षले वहन गर्नुपर्छ ।[61] साथसाथै मानवअधिकार समितिको सिफारिसलाई पालन गर्न पनि राज्य चुकेको देखिन्छ जसअनुसार स्वच्छ सुनुवाइको प्रत्याभूतिका लागि प्रभावकारी उपाय अपनाउनुपर्दछ । विशेषगरी राज्यपक्षले व्यवहारमै मौन रहन पाउने अधिकार सुनिश्चित गर्ने, प्रमाण दिनका लागि बाध्य नपारिने तथा करकापमा लिइएको प्रमाण कानुनी रूपमा स्वीकार्य नहुने सुनिश्चित गर्नुपर्ने हुन्छ ।[62]

[61] CAT Article 20 Recommendation 110(g).


[62] UN HCR Concluding Observations on the Second Periodic Report of Nepal (15 April 2014), available at http://tbinternet.ohchr.org/_layouts/treatybodyexternal/Download.aspx?symbolno=CCPR%2fC%2fNPL%2fCO%2f2&Lang=en

**घ. थुनामा जानुअघि र थुनामुक्त भएपछि स्वास्थ्यजाँचको अधिकार**

यातना क्षतिपूर्ति ऐनको दफा ३(२) अन्तर्गत थुनुवाहरूको थुनामा राखिनुअघि र थुनामुक्त भएपछि स्वास्थ्य जाँचको अधिकार हुन्छ । सन् २०१४ मा एएफले संकलन गरेको तथ्यांकमध्ये १,७९१ (९३.५%) थुनुवाको स्वास्थ्य जाँच भएको पायो । सन् २०१३ को ९४.९% भन्दा यो केही कम भएपनि सकारात्मक परिणाम हो । तर स्वास्थ्य जाँच गरिने तरिकामा अनेकौं समस्या छन् जसले यो प्रावधानको उद्देश्यलाई विफल पार्दछन् । थुनुवाहरूले बताएअनुसार स्वास्थ्य जाँचमा गोपनीयता कायम हुँदैन र प्रहरीहरू चिकित्सक कक्षमा विद्यमान रहन्छन् जसले गर्दा डरका कारण पीडितले चिकित्सकलाई यातनाका बारेमा बताउन सक्दैनन् । अन्य थुनुवाका अनुसार स्वास्थ्य जाँच पूर्णतया अपर्याप्त हुन्छन् र चिकित्सकले यातनाजन्य चोटपटकको जाँच गर्नुभन्दा पनि थुनुवालाई मादक पदार्थ सेवन गरेको बारेमा सोध्छन् । यसो हुँदा यो प्रावधान थुनुवाहरूलाई यातनाबाट संरक्षण गर्नका लागि अपर्याप्त छ ।




**रेखाचित्र २१ : सन् २०१४ मा स्वास्थ्य जाँच प्राप्त गर्ने थुनुवाको अनुपात ।**




**रेखाचित्र २२ : सन् २०१३ र २०१४ मा स्वास्थ्य जाँच प्राप्त गर्ने थुनुवाको अनुपात।**

# ७ निष्कर्ष

सन् २०१४ भरि नेपालमा यातनाका प्रवृत्ति प्रायः उस्तै रहेको भनी यो प्रतिवेदनले उजागर गर्दछ । गुनासो गरिएको यातनाको दर १६.२% रह्यो जुन एएफले सन् २००१ मा तथ्यांक संकलन गरेदेखिकै सबभन्दा कम हो र यो थुनामा यातना वा अन्य अमानवीय व्यवहारको गुनासो गर्ने थुनुवाको अनुपातमा क्रमिक रूपमा ह्रास आइरहेको प्रवृत्तिको अंश हो । यी सकारात्मक विकासका बाबजुद गम्भीर समस्या विद्यमान छन् ।

अध्याय ३क ले प्रहरी मनोवैज्ञानिक यातनातर्फ ढल्किरहेको संकेत गर्छ । एएफका अधिवक्तालाई बताइएअनुसार बढ्दो रूपमा थुनुवा वा थुनुवाका परिवारलाई धम्की दिने काम भइरहेको छ । यातनाका यी तरिकामा आएका परिवर्तनले गर्दा यातनाको घटनाका बारेमा थुनुवाले नबताउने गर्न सक्छ किनकि धम्की र मनोवैज्ञानिक त्रासलाई थुनुवाले यातनाको प्रकार नमान्न सक्छ वा मनोवैज्ञानिक यातना भएको प्रमाणित गर्नका लागि कठिनाइ आउन सक्छ ।

अध्याय ३ख ले सन् २०१४ मा बाँके, काठमाडौं र झापामा यातनाका सर्वाधिक घटना भएको देखाउँछ । विशेषगरी काठमाडौंमा सन् २०१३ को १८.१% यातनाको तुलनामा वृद्धि भई २६.७% पुगेको देखिन्छ । यसको विपरीत मोरङ र रुपन्देहीमा सन् २०१३ को तुलनामा यो घटेको पाइन्छ ।

सन् २०१४ मा एएफले संकलन गरेको तथ्यांकले चोरीको आरोप लागेका व्यक्तिले अन्य अपराधमा आरोप लागेका व्यक्तिको तुलनामा यातना पाएको भनी बढी गुनासो गरेको देखाउँछ । यसो हुनुमा मुख्य कारण चाहिँ (साबिती प्राप्त गरेर) अपराधी पत्ता लगाउन र चोरिएको सामान फिर्ता लिनलाई प्रहरीमाथि पर्ने दबाब हुनसक्छ । यो संख्या सन् २०१३ को तुलनामा ३०.३% बाट बढेर ३८.८% पुगेको छ जबकि अन्य आरोपमा यातनाको प्रवृत्तिमा एकरूपता कायम छ ।

विगतका वर्षमा जस्तो मुस्लिम थुनुवाहरू यातनाको विशेष जोखिममा रहेका देखिन्छन् जहाँ २९.८% ले थुनामा गम्भीर दुव्यर्वहार भोगेको गुनासो गरे । सन् २०१३ देखि जातका आधारमा यातनाको दर लगभग स्थिर रहेको पाइन्छ । उच्च जातका तुलनामा तल्लो जातका मानिसले केही बढी दरमा यातनाको गुनासो गरेको कुरा यसपालि पनि दोहोरियो ।

अध्याय ४ख ले नाबालक थुनुवाको विशेष जोखिमपूर्ण अवस्थालाई वर्णन गरेको छ, १४.४% वयस्क थुनुवाको तुलनामा १८ वर्ष वा सोभन्दा मुनिका २४.१% थुनुवाले यातनाको गुनासो गरे । एएफको तथ्यांकअनुसार बाग्लुङ, बाँके र काठमाडौंमा वयस्कको तुलनामा लगभग दुई गुणा बढी नाबालकमाथि यातना भएको पाइयो । सन् २०१३ को तुलनामा यी संख्यामा सुधार आएको पाइएन । त्यतिखेर २३.१% नाबालकले थुनामा यातना भोग्नुपरेको दाबी गरेका थिए ।

अध्याय ५ ले सन् २०१४ को अन्त्यतिर संसदमा पेश गरिएको प्रस्तावित यातना वा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार (कसुर तथा सजाय) विधेयकमाथि टिप्पणी गरेको छ । यो प्रस्तावित विधेयकले वर्तमान कानुनी संरचनामा उल्लेख्य सुधार ल्याउँछ । यो लागू भएमा यसले यातनापीडितको कानुनी संरक्षणलाई मजबुत बनाउँछ र नेपालको अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी दायित्व परिपूर्ति गर्नमा ठूलो भूमिका खेल्छ । तर विधेयकमा निहित केही प्रावधानले यातनापीडितलाई पर्याप्त न्याय दिलाउने क्षमतामा ह्रास ल्याउने सम्भावना छ । यस्ता समस्याग्रस्त प्रावधानमा उजुरी दर्ता गर्नका लागि छोटो हदम्याद, यातनाका कसुरदारलाई कम सजाय, पीडितलाई क्षतिपूर्तिको मात्रामा हद निर्धारण, झुटा उजुरी गर्ने भनिएकाहरूका लागि सजाय तथा असल नियतले भनी यातनामा संलग्न रहेका अधिकारीलाई संरक्षण पर्दछन् । विधेयकले यातनापीडितको मानवअधिकारलाई साँच्चै सम्बोधन गर्ने र उनीहरूलाई अघि बढ्नका लागि मद्दत गर्ने हो भने यी प्रावधानलाई हटाउनुपर्छ ।

# परिशिष्ट

## परिशिष्ट - तथ्याङ्क (२०१४०
## यातना तथा दूर्व्यवहारको जानकारी

| | | फ्रिक्वेन्सी | प्रतिशत |
|---|---|---|---|
| तर्क संगत | हो | ३११ | १६.२ |
| | होइन | १६०५ | ८३.८ |
| | जम्मा | १९१६ | १००.० |

## जिल्ला अनुसार यातना तथा दूर्व्यवहार

| | | यातना तथा दूर्व्यवहारको जानकारी | | जम्मा |
|---|---|---|---|---|
| | | हो | होइन | |
| काठमाडौं | गणना | ८१ | २२२ | ३०३ |
| | हिरासत स्थानमा प्रतिशत | २६.७% | ७३.३% | १००.०% |
| मोरङ | गणना | १६ | १९२ | २०८ |
| | हिरासत स्थानमा प्रतिशत | ७.७% | ९२.३% | १००.०% |
| बाँके | गणना | ८९ | १८४ | २७३ |
| | हिरासत स्थानमा प्रतिशत | ३२.६% | ६७.४% | १००.०% |
| कास्की | गणना | ३० | १४९ | १७९ |
| | हिरासत स्थानमा प्रतिशत | १६.८% | ८३.२% | १००.०% |

| | | | | |
|---|---|---|---|---|
| कञ्चनपुर | गणना | ३ | १०४ | १०७ |
| | हिरासत स्थानमा प्रतिशत | २.८% | ९७.२% | १००.०% |
| उदयपुर* | गणना | १ | ४० | ४१ |
| | हिरासत स्थानमा प्रतिशत | २.४% | ९७.६% | १००.०% |
| रुपन्देही | गणना | १३ | २६९ | २८२ |
| | हिरासत स्थानमा प्रतिशत | ४.६% | ९५.४% | १००.०% |
| धनुषा* | गणना | ५ | ३ | ८ |
| | हिरासत स्थानमा प्रतिशत | ६२.५% | ३७.५% | १००.०% |
| बाग्लुङ्ग* | गणना | १६ | ६९ | ८५ |
| | हिरासत स्थानमा प्रतिशत | १८.८% | ८१.२% | १००.०% |
| म्याग्दी* | गणना | २ | २० | २२ |
| | हिरासत स्थानमा प्रतिशत | ९.१% | ९०.९% | १००.०% |
| पर्वत* | गणना | ९ | ३१ | ४० |
| | हिरासत स्थानमा प्रतिशत | २२.५% | ७७.५% | १००.०% |
| रामेछाप* | गणना | १ | ४१ | ४२ |
| | हिरासत स्थानमा प्रतिशत | २.४% | ९७.६% | १००.०% |
| दोलखा* | गणना | १ | १३० | १३१ |
| | हिरासत स्थानमा प्रतिशत | ०.८% | ९९.२% | १००.०% |
| झापा | गणना | ४४ | १३२ | १७६ |
| | हिरासत स्थानमा प्रतिशत | २५.०% | ७५.०% | १००.०% |
| सिराहा | गणना | ० | १९ | १९ |
| | हिरासत स्थानमा प्रतिशत | ०.०% | १००.०% | १००.०% |
| जम्मा | गणना | ३११ | १६०५ | १९१६ |
| | हिरासत स्थानमा प्रतिशत | १६.२% | ८३.८% | १००.०% |

* यी जिल्लाहरूमा सन् २०१४ मा आंशिक रूपमा तथ्यांक संकलन गरिएको थियो (उदाहरण, जनवरी देखि जुन सम्म।

## जिल्ला अनुसार यातना तथा दूर्व्यवहार (जनवरीदेखि जुन २०१४)

| | | यातना तथा दूर्व्यवहारको जानकारी | | जम्मा |
|---|---|---|---|---|
| | | हो | होइन | |
| काठमाडौं | गणना | ३७ | १४९ | १८६ |
| | हिरासत स्थानमा प्रतिशत | १९.९% | ८०.१% | १००.०% |
| मोरङ | गणना | १० | ११२ | १२२ |
| | हिरासत स्थानमा प्रतिशत | ८.२% | ९१.८% | १००.०% |
| बाँके | गणना | ३९ | ११३ | १५२ |
| | हिरासत स्थानमा प्रतिशत | २५.७% | ७४.३% | १००.०% |
| कास्की | गणना | १६ | ८९ | १०५ |
| | हिरासत स्थानमा प्रतिशत | १५.२% | ८४.८% | १००.०% |
| कञ्चनपुर | गणना | ३ | ५४ | ५७ |
| | हिरासत स्थानमा प्रतिशत | ५.३% | ९४.७% | १००.०% |
| उदयपुर | गणना | १ | ३५ | ३६ |
| | हिरासत स्थानमा प्रतिशत | २.८% | ९७.२% | १००.०% |
| रुपन्देही | गणना | ७ | १६१ | १६८ |
| | हिरासत स्थानमा प्रतिशत | ४.२% | ९५.८% | १००.०% |
| बाग्लुङ्ग | गणना | १३ | ५७ | ७० |
| | हिरासत स्थानमा प्रतिशत | १८.६% | ८१.४% | १००.०% |
| म्याग्दी | गणना | १ | १३ | १४ |
| | हिरासत स्थानमा प्रतिशत | ७.१% | ९२.९% | १००.०% |
| पर्वत | गणना | ९ | २८ | ३७ |
| | हिरासत स्थानमा प्रतिशत | २४.३% | ७५.७% | १००.०% |
| रामेछाप | गणना | ० | ३० | ३० |
| | हिरासत स्थानमा प्रतिशत | ०.०% | १००.०% | १००.०% |
| दोलखा | गणना | १ | १३० | १३१ |
| | हिरासत स्थानमा प्रतिशत | ०.८% | ९९.२% | १००.०% |

| | | | | |
|---|---|---|---|---|
| झापा | गणना | २५ | ६८ | ९३ |
| | हिरासत स्थानमा प्रतिशत | २६.९% | ७३.१% | १००.०% |
| जम्मा | गणना | १६२ | १०३९ | १२०१ |
| | हिरासत स्थानमा प्रतिशत | १३.५% | ८६.५% | १००.०% |

## अभियोग अनुसार यातना तथा दूर्व्यवहार

| | | यातना तथा दूर्व्यवहारको जानकारी | | जम्मा |
|---|---|---|---|---|
| | | हो | होइन | |
| सार्वजनिक अपराध | गणना | ८१ | ३८७ | ४६८ |
| | हिरासत स्थानमा प्रतिशत | १७.३% | ८२.७% | १००.०% |
| ज्यानमार्ने उद्योग | गणना | १४ | ८३ | ९७ |
| | हिरासत स्थानमा प्रतिशत | १४.४% | ८५.६% | १००.०% |
| आरोप नलागेको | गणना | २१ | २०१ | २२२ |
| | हिरासत स्थानमा प्रतिशत | ९.५% | ९०.५% | १००.०% |
| लागू औषधअपराध | गणना | ७८ | ३४९ | ४२७ |
| | हिरासत स्थानमा प्रतिशत | १८.३% | ८१.७% | १००.०% |
| बलात्कार | गणना | १९ | ९३ | ११२ |
| | हिरासत स्थानमा प्रतिशत | १७.०% | ८३.०% | १००.०% |
| हातहतियार तथा खर खजना | गणना | ६ | १९ | २५ |
| | हिरासत स्थानमा प्रतिशत | २४.०% | ७६.०% | १००.०% |
| चोरी | गणना | ७१ | ११२ | १८३ |
| | हिरासत स्थानमा प्रतिशत | ३८.८% | ६१.२% | १००.०% |
| हत्या | गणना | ८ | ७३ | ८१ |
| | हिरासत स्थानमा प्रतिशत | ९.९% | ९०.१% | १००.०% |
| बलात्कार उद्योग | गणना | ० | २ | २ |
| | हिरासत स्थानमा प्रतिशत | ०.०% | १००.०% | १००.०% |

| | | | | |
|---|---|---|---|---|
| वनसम्बन्धी अपराध | गणना | १ | ३० | ३१ |
| | हिरासत स्थानमा प्रतिशत | ३.२% | ९६.८% | १००.०% |
| जुवा तास | गणना | ० | ३ | ३ |
| | हिरासत स्थानमा प्रतिशत | ०.०% | १००.०% | १००.०% |
| मानव बेचबिखन | गणना | ३ | ३८ | ४१ |
| | हिरासत स्थानमा प्रतिशत | ७.३% | ९२.७% | १००.०% |
| किर्ते | गणना | १ | ४१ | ४२ |
| | हिरासत स्थानमा प्रतिशत | २.४% | ९७.६% | १००.०% |
| सवारी ज्यान | गणना | ० | ४९ | ४९ |
| | हिरासत स्थानमा प्रतिशत | ०.०% | १००.०% | १००.०% |
| ठगी | गणना | २ | १७ | १९ |
| | हिरासत स्थानमा प्रतिशत | १०.५% | ८९.५% | १००.०% |
| सवारी अङ्गभङ्ग | गणना | ० | ३ | ३ |
| | हिरासत स्थानमा प्रतिशत | ०.०% | १००.०% | १००.०% |
| अपहरण | गणना | १ | १४ | १५ |
| | हिरासत स्थानमा प्रतिशत | ६.७% | ९३.३% | १००.०% |
| बहुविवाह | गणना | १ | ६५ | ६६ |
| | हिरासत स्थानमा प्रतिशत | १.५% | ९८.५% | १००.०% |
| अङ्गभङ्ग | गणना | ० | १ | १ |
| | हिरासत स्थानमा प्रतिशत | ०.०% | १००.०% | १००.०% |
| आगजनी | गणना | ० | ८ | ८ |
| | हिरासत स्थानमा प्रतिशत | ०.०% | १००.०% | १००.०% |
| कालोबजारी | गणना | ० | ९ | ९ |
| | हिरासत स्थानमा प्रतिशत | ०.०% | १००.०% | १००.०% |
| बोक्सी | गणना | ० | १ | १ |
| | हिरासत स्थानमा प्रतिशत | ०.०% | १००.०% | १००.०% |
| विस्फोटक पदार्थ | गणना | ० | १ | १ |
| | हिरासत स्थानमा प्रतिशत | ०.०% | १००.०% | १००.०% |

| | | | | |
|---|---|---|---|---|
| गौहत्या | गणना | २ | ० | २ |
| | हिरासत स्थानमा प्रतिशत | १००.०% | ०.०% | १००.०% |
| अप्राकृतिक यौन | गणना | २ | ० | २ |
| | हिरासत स्थानमा प्रतिशत | १००.०% | ०.०% | १००.०% |
| जातीय भेदभाव | गणना | ० | १ | १ |
| | हिरासत स्थानमा प्रतिशत | ०.०% | १००.०% | १००.०% |
| बाल विवाह | गणना | ० | ५ | ५ |
| | हिरासत स्थानमा प्रतिशत | ०.०% | १००.०% | १००.०% |
| जम्मा | गणना | ३११ | १६०५ | १९१६ |
| | हिरासत स्थानमा प्रतिशत | १६.२% | ८३.८% | १००.०% |

## जातजाति

| | फ्रिक्वेन्सी | प्रतिशत |
|---|---|---|
| ब्राह्मण | १८८ | ९.८ |
| क्षेत्री | ५१८ | २७.० |
| नेवार | १०७ | ५.६ |
| जनजाति | ४३६ | २२.८ |
| तराई जनजाति | २६३ | १३.७ |
| दलित | २२३ | ११.६ |
| अन्य | १३४ | ७.० |
| मुस्लिम | ४७ | २.५ |
| जम्मा | १९१६ | १००.० |

## जातीयता अनुसार यातना तथा दूर्व्यवहार

| | | यातना तथा दूर्व्यवहारको जानकारी | | जम्मा |
|---|---|---|---|---|
| | | हो | होइन | |
| ब्राह्मण | गणना | २५ | १६३ | १८८ |
| | हिरासत स्थानमा प्रतिशत | १३.३% | ८६.७% | १००.०% |
| क्षेत्री | गणना | ७३ | ४४५ | ५१८ |
| | हिरासत स्थानमा प्रतिशत | १४.१% | ८५.९% | १००.०% |
| नेवार | गणना | १५ | ९२ | १०७ |
| | हिरासत स्थानमा प्रतिशत | १४.०% | ८६.०% | १००.०% |
| जनजाति | गणना | ७२ | ३६४ | ४३६ |
| | हिरासत स्थानमा प्रतिशत | १६.५% | ८३.५% | १००.०% |
| तराई जनजाति | गणना | ५३ | २१० | २६३ |
| | हिरासत स्थानमा प्रतिशत | २०.२% | ७९.८% | १००.०% |
| दलित | गणना | ४० | १८३ | २२३ |
| | हिरासत स्थानमा प्रतिशत | १७.९% | ८२.१% | १००.०% |
| अन्य | गणना | १९ | ११५ | १३४ |
| | हिरासत स्थानमा प्रतिशत | १४.२% | ८५.८% | १००.०% |
| मुस्लिम | गणना | १४ | ३३ | ४७ |
| | हिरासत स्थानमा प्रतिशत | २९.८% | ७०.२% | १००.०% |
| जम्मा | गणना | ३११ | १६०५ | १९१६ |
| | हिरासत स्थानमा प्रतिशत | १६.२% | ८३.८% | १००.०% |

## लिङ्ग

| | | फ्रिक्वेन्सी | प्रतिशत |
|---|---|---|---|
| तर्क संगत | महिला | २३९ | १२.५ |
| | पुरुष | १६७६ | ८७.५ |
| | अन्य | १ | .१ |
| | जम्मा | १९१६ | १००.० |

## लिङ्ग अनुसार यातना तथा दूर्व्यवहार

| | | यातना तथा दूर्व्यवहारको जानकारी | | जम्मा |
|---|---|---|---|---|
| | | हो | होइन | |
| महिला | गणना | ११ | २२८ | २३९ |
| | हिरासत स्थानमा प्रतिशत | ४.६% | ९५.४% | १००.०% |
| पुरुष | गणना | ३०० | १३७६ | १६७६ |
| | हिरासत स्थानमा प्रतिशत | १७.९% | ८२.१% | १००.०% |
| अन्य | गणना | ० | १ | १ |
| | हिरासत स्थानमा प्रतिशत | ०.०% | १००.०% | १००.०% |
| जम्मा | गणना | ३११ | १६०५ | १९१६ |
| | हिरासत स्थानमा प्रतिशत | १६.२% | ८३.८% | १००.०% |

## पक्राउको कारण

| | | फ्रिक्वेन्सी | प्रतिशत |
|---|---|---|---|
| तर्क संगत | दियो | १९६ | १०.२ |
| | दिएन | २४२ | १२.६ |
| | हिरासतमा ल्याएपछि दिएको | १४७८ | ७७.१ |
| | जम्मा | १९१६ | १००.० |

## अदालतमा उपस्थित गरायो ?

| | | फ्रिक्वेन्सी | प्रतिशत |
|---|---|---|---|
| तर्क संगत | गरायो | १६९५ | ८८.५ |
| | गराएन | २२१ | ११.५ |
| | जम्मा | १९१६ | १००.० |

## पत्राउ परेको २४ घण्टाभित्र न्यायाधीस वा मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गरायो ?

| | | फ्रिक्वेन्सी | प्रतिशत | तर्क संगत प्रतिशत | कुल प्रतिशत |
|---|---|---|---|---|---|
| तर्क संगत | गरायो | ११६४ | ६०.८ | ६८.७ | ६८.७ |
| | गराएन | ५३१ | २७.७ | ३१.३ | १००.० |
| | जम्मा | १६९५ | ८८.५ | १००.० | |
| अदालत लगेन | | २२१ | ११.५ | | |
| जम्मा | | १९१६ | १००.० | | |

## न्यायाधीसले यातना तथा दूर्व्यवहारको बारेमा सोधे ?

| | | फ्रिक्वेन्सी | प्रतिशत | तर्क संगत प्रतिशत | कुल प्रतिशत |
|---|---|---|---|---|---|
| तर्क संगत | सोधे | ३११ | १६.२ | १८.४ | १८.४ |
| | सोधेनन् | १३८३ | ७२.२ | ८१.६ | १००.० |
| | जम्मा | १६९४ | ८८.४ | १००.० | |
| अदालतमा लगेन | | २२२ | ११.६ | | |
| जम्मा | | १९१६ | १००.० | | |

## थुनामा राख्नुपूर्व स्वास्थ्य परीक्षण गरियो ?

| | | फ्रिक्वेन्सी | प्रतिशत |
|---|---|---|---|
| तर्क संगत | गऱ्यो | १७९१ | ९३.५ |
| | गरेन | १२५ | ६.५ |
| | जम्मा | १९१६ | १००.० |

## प्रहरीले खाना दियो ?

| | | फ्रिक्वेन्सी | प्रतिशत |
|---|---|---|---|
| तर्क संगत | दियो | १८६८ | ९७.५ |
| | दिएन | ४८ | २.५ |
| | जम्मा | १९१६ | १००.० |

## परिवारसँग भेट गर्न दियो ?

| | | फ्रिक्वेन्सी | प्रतिशत |
|---|---|---|---|
| तर्क संगत | दियो | १५५० | ८०.९ |
| | दिएन | ३६६ | १९.१ |
| | जम्मा | १९१६ | १००.० |

## साविति बयान (६ जिल्लामा मात्र)
## साविति बयानमा हस्ताक्षर गर्नु भयो ।

| | | फ्रिक्वेन्सी | प्रतिशत | तर्क संगत प्रतिशत | कुल प्रतिशत |
|---|---|---|---|---|---|
| तर्क संगत | गरेँ | ६६६ | ४९.३ | ९७.९ | ९७.९ |
| | गरिन | १४ | १.० | २.१ | १००.० |
| | जम्मा | ६८० | ५०.३ | १००.० | |
| | केहीमा पनि हस्ताक्षर गर्न लगाएन | ६७२ | ४९.७ | | |
| जम्मा | | १३५२ | १००.० | | |

## सावित्ति बयानमा स्वइच्छाले हस्ताक्षर गर्ने भयो ?

| | | फ्रिक्वेन्सी | प्रतिशत | तर्क संगत प्रतिशत | कुल प्रतिशत |
|---|---|---|---|---|---|
| तर्क संगत | गरैं | ४९० | ३६.२ | ७३.६ | ७३.६ |
| | गरिन | १७६ | १३.० | २६.४ | १००.० |
| | जम्मा | ६६६ | ४९.३ | १००.० | |
| | केहीमा पनि हस्ताक्षर गर्न लगाएन | ६८६ | ५०.७ | | |
| जम्मा | | १३५२ | १००.० | | |

## बालबालिका यातना तथा दूर्व्यवहार

| | | फ्रिक्वेन्सी | प्रतिशत |
|---|---|---|---|
| तर्क संगत | दियो | ८७ | २४.२ |
| | दिएन | २७३ | ७५.८ |
| | जम्मा | ३६० | १००.० |

## लिङ्ग

| | | फ्रिक्वेन्सी | प्रतिशत |
|---|---|---|---|
| तर्क संगत | महिला | २३ | ६.४ |
| | पुरुष | ३३७ | ९३.६ |
| | जम्मा | ३६० | १००.० |

## लिङ्ग अनुसार यातना तथा दूर्व्यवहार

| | | | यातना तथा दूर्व्यवहारको जानकारी | | जम्मा |
|---|---|---|---|---|---|
| | | | हो | होइन | |
| लिङ्ग | महिला | गणना | २ | २१ | २३ |
| | | हिरासत स्थानमा प्रतिशत | ८.७% | ९१.३% | १००.०% |
| | पुरुष | गणना | ८५ | २५२ | ३३७ |
| | | हिरासत स्थानमा प्रतिशत | २५.२% | ७४.८% | १००.०% |
| जम्मा | | गणना | ८७ | २७३ | ३६० |
| | | हिरासत स्थानमा प्रतिशत | २४.२% | ७५.८% | १००.०% |

## जातजाति

| | | फ्रिक्वेन्सी | प्रतिशत |
|---|---|---|---|
| तर्क संगत | ब्राह्मण | २७ | ७.५ |
| | क्षेत्री | ८३ | २३.१ |
| | नेवार | २० | ५.६ |
| | जनजाति | ९२ | २५.६ |
| | तराई जनजाति | ५३ | १४.७ |
| | दलित | ५५ | १५.३ |
| | अन्य | २० | ५.६ |
| | मुस्लिम | १० | २.८ |
| | जम्मा | ३६० | १००.० |

## जात अनुसार यातना तथा दूर्व्यवहार

| | | यातना तथा दूर्व्यवहारको जानकारी | | जम्मा |
|---|---|---|---|---|
| | | हो | होइन | |
| ब्राह्मण | गणना | ४ | २३ | २७ |
| | हिरासत स्थानमा प्रतिशत | १४.८% | ८५.२% | १००.०% |
| क्षेत्री | गणना | १७ | ६६ | ८३ |
| | हिरासत स्थानमा प्रतिशत | २०.५% | ७९.५% | १००.०% |
| नेवार | गणना | ६ | १४ | २० |
| | हिरासत स्थानमा प्रतिशत | ३०.०% | ७०.०% | १००.०% |
| जनजाति | गणना | २६ | ६६ | ९२ |
| | हिरासत स्थानमा प्रतिशत | २८.३% | ७१.७% | १००.०% |
| तराई जनजाति | गणना | १६ | ३७ | ५३ |
| | हिरासत स्थानमा प्रतिशत | ३०.२% | ६९.८% | १००.०% |
| दलित | गणना | १२ | ४३ | ५५ |
| | हिरासत स्थानमा प्रतिशत | २१.८% | ७८.२% | १००.०% |
| अन्य | गणना | ३ | १७ | २० |
| | हिरासत स्थानमा प्रतिशत | १५.०% | ८५.०% | १००.०% |
| मुस्लिम | गणना | ३ | ७ | १० |
| | हिरासत स्थानमा प्रतिशत | ३०.०% | ७०.०% | १००.०% |
| जम्मा | गणना | ८७ | २७३ | ३६० |
| | हिरासत स्थानमा प्रतिशत | २४.२% | ७५.८% | १००.०% |

## जात अनुसार यातना तथा दूर्व्यवहार

| | | यातना तथा दूर्व्यवहारको जानकारी | | जम्मा |
|---|---|---|---|---|
| | | हो | होइन | |
| सार्वजनिक अपराध | गणना | २५ | ७२ | ९७ |
| | हिरासत स्थानमा प्रतिशत | २५.८% | ७४.२% | १००.०% |
| ज्यानमार्ने उद्योग | गणना | ३ | १५ | १८ |
| | हिरासत स्थानमा प्रतिशत | १६.७% | ८३.३% | १००.०% |
| आरोप नलागेको | गणना | १३ | ५५ | ६८ |
| | हिरासत स्थानमा प्रतिशत | १९.१% | ८०.९% | १००.०% |
| लागू औषधअपराध | गणना | ८ | ५१ | ५९ |
| | हिरासत स्थानमा प्रतिशत | १३.६% | ८६.४% | १००.०% |
| बलात्कार | गणना | ६ | १९ | २५ |
| | हिरासत स्थानमा प्रतिशत | २४.०% | ७६.०% | १००.०% |
| हातहतियार तथा खरखजना | गणना | २ | ३ | ५ |
| | हिरासत स्थानमा प्रतिशत | ४०.०% | ६०.०% | १००.०% |
| चोरी | गणना | २८ | ३७ | ६५ |
| | हिरासत स्थानमा प्रतिशत | ४३.१% | ५६.९% | १००.०% |
| हत्या | गणना | १ | ७ | ८ |
| | हिरासत स्थानमा प्रतिशत | १२.५% | ८७.५% | १००.०% |
| बलात्कार उद्योग | गणना | ० | १ | १ |
| | हिरासत स्थानमा प्रतिशत | ०.०% | १००.०% | १००.०% |
| वनसम्बन्धी अपराध | गणना | ० | ३ | ३ |
| | हिरासत स्थानमा प्रतिशत | ०.०% | १००.०% | १००.०% |
| मानव बेचबिखन | गणना | ० | ३ | ३ |
| | हिरासत स्थानमा प्रतिशत | ०.०% | १००.०% | १००.०% |
| सवारी ज्यान | गणना | ० | १ | १ |
| | हिरासत स्थानमा प्रतिशत | ०.०% | १००.०% | १००.०% |

| | | | | |
|---|---|---|---|---|
| सवारी अङ्गभङ्ग | गणना | ० | १ | १ |
| | हिरासत स्थानमा प्रतिशत | ०.०% | १००.०% | १००.०% |
| बहु विवाह | गणना | ० | ३ | ३ |
| | हिरासत स्थानमा प्रतिशत | ०.०% | १००.०% | १००.०% |
| कालो बजारी | गणना | ० | १ | १ |
| | हिरासत स्थानमा प्रतिशत | ०.०% | १००.०% | १००.०% |
| अप्रकृतिक यौन | गणना | १ | ० | १ |
| | हिरासत स्थानमा प्रतिशत | १००.०% | ०.०% | १००.०% |
| बाल विवाह | गणना | ० | १ | १ |
| | हिरासत स्थानमा प्रतिशत | ०.०% | १००.०% | १००.०% |
| जम्मा | गणना | ८७ | २७३ | ३६० |
| | हिरासत स्थानमा प्रतिशत | २४.२% | ७५.८% | १००.०% |

## जिल्ला अनुसार यातना तथा दूर्व्यवहार

| | | यातना तथा दूर्व्यवहारको जानकारी | | जम्मा |
|---|---|---|---|---|
| | | हो | होइन | |
| काठमाडौं | गणना | ३० | ४० | ७० |
| | हिरासत स्थानमा प्रतिशत | ४२.९% | ५७.१% | १००.०% |
| मोरङ | गणना | १ | ४० | ४१ |
| | हिरासत स्थानमा प्रतिशत | २.४% | ९७.६% | १००.०% |
| बाँके | गणना | २० | १९ | ३९ |
| | हिरासत स्थानमा प्रतिशत | ५१.३% | ४८.७% | १००.०% |
| कास्की | गणना | १४ | ४८ | ६२ |
| | हिरासत स्थानमा प्रतिशत | २२.६% | ७७.४% | १००.०% |
| कञ्चनपुर | गणना | १ | १० | ११ |
| | हिरासत स्थानमा प्रतिशत | ९.१% | ९०.९% | १००.०% |
| उदयपुर | गणना | ० | ३ | ३ |
| | हिरासत स्थानमा प्रतिशत | ०.०% | १००.०% | १००.०% |

| | | | | |
|---|---|---|---|---|
| रुपन्देही | गणना | २ | ४८ | ५० |
| | हिरासत स्थानमा प्रतिशत | ४.०% | ९६.०% | १००.०% |
| धनुषा | गणना | २ | १ | ३ |
| | हिरासत स्थानमा प्रतिशत | ६६.७% | ३३.३% | १००.०% |
| बाग्लुङ्ग | गणना | ८ | ३ | ११ |
| | हिरासत स्थानमा प्रतिशत | ७२.७% | २७.३% | १००.०% |
| म्याग्दी | गणना | ० | ४ | ४ |
| | हिरासत स्थानमा प्रतिशत | ०.०% | १००.०% | १००.०% |
| पर्वत | गणना | ० | ३ | ३ |
| | हिरासत स्थानमा प्रतिशत | ०.०% | १००.०% | १००.०% |
| रामेछाप | गणना | ० | ३ | ३ |
| | हिरासत स्थानमा प्रतिशत | ०.०% | १००.०% | १००.०% |
| दोलखा | गणना | ० | २८ | २८ |
| | हिरासत स्थानमा प्रतिशत | ०.०% | १००.०% | १००.०% |
| झापा | गणना | ९ | १८ | २७ |
| | हिरासत स्थानमा प्रतिशत | ३३.३% | ६६.७% | १००.०% |
| सिराहा | गणना | ० | ५ | ५ |
| | हिरासत स्थानमा प्रतिशत | ०.०% | १००.०% | १००.०% |
| जम्मा | गणना | ८७ | २७३ | ३६० |
| | हिरासत स्थानमा प्रतिशत | २४.२% | ७५.८% | १००.०% |

## उमेर अनुसार यातना तथा दूर्व्यवहार

| | | यातना तथा दूर्व्यवहारको जानकारी | | जम्मा |
|---|---|---|---|---|
| | | हो | होइन | |
| १० | गणना | ० | १ | १ |
| | हिरासत स्थानमा प्रतिशत | ०.०% | १००.०% | १००.०% |
| ११ | गणना | ० | १ | १ |
| | हिरासत स्थानमा प्रतिशत | ०.०% | १००.०% | १००.०% |
| १२ | गणना | ० | ५ | ५ |
| | हिरासत स्थानमा प्रतिशत | ०.०% | १००.०% | १००.०% |
| १३ | गणना | ६ | १० | १६ |
| | हिरासत स्थानमा प्रतिशत | ३७.५% | ६२.५% | १००.०% |
| १४ | गणना | ५ | १७ | २२ |
| | हिरासत स्थानमा प्रतिशत | २२.७% | ७७.३% | १००.०% |
| १५ | गणना | १३ | ३८ | ५१ |
| | हिरासत स्थानमा प्रतिशत | २५.५% | ७४.५% | १००.०% |
| १६ | गणना | १९ | ३१ | ५० |
| | हिरासत स्थानमा प्रतिशत | ३८.०% | ६२.०% | १००.०% |
| १७ | गणना | १९ | ८० | ९९ |
| | हिरासत स्थानमा प्रतिशत | १९.२% | ८०.८% | १००.०% |
| १८ | गणना | २५ | ९० | ११५ |
| | हिरासत स्थानमा प्रतिशत | २१.७% | ७८.३% | १००.०% |
| जम्मा | गणना | ८७ | २७३ | ३६० |
| | हिरासत स्थानमा प्रतिशत | २४.२% | ७५.८% | १००.०% |

## पक्राउ पर्नुको कारण

| | | फ्रिक्वेन्सी | प्रतिशत |
|---|---|---|---|
| तर्क संगत | दियो | २९ | ८.१ |
| | दिएन | ६९ | १९.२ |
| | हिरासतमा ल्याएपछि दियो | २६२ | ७२.८ |
| | जम्मा | ३६० | १००.० |

## पक्राउ परेको २४ घण्टाभित्र न्यायाधीस वा मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गरायो ?

| | | फ्रिक्वेन्सी | प्रतिशत | तर्क संगत प्रतिशत | कुल प्रतिशत |
|---|---|---|---|---|---|
| तर्क संगत | गरायो | १७७ | ४९.२ | ६०.६ | ६०.६ |
| | गराएन | ११५ | ३१.९ | ३९.४ | १००.० |
| | जम्मा | २९२ | ८१.१ | १००.० | |
| अदालतमा उपस्थित गराएन | | ६८ | १८.९ | | |
| जम्मा | | ३६० | १००.० | | |

## न्यायाधीसले यातना तथा दूर्व्यवहारको बारेमा सोधे ?

| | | फ्रिक्वेन्सी | प्रतिशत | तर्क संगत प्रतिशत | कुल प्रतिशत |
|---|---|---|---|---|---|
| तर्क संगत | सोधे | ४५ | १२.५ | १५.४ | १५.४ |
| | सोधेनन् | २४७ | ६८.६ | ८४.६ | १००.० |
| | जम्मा | २९२ | ८१.१ | १००.० | |
| अदालतमा उपस्थित गराएन | | ६८ | १८.९ | | |
| जम्मा | | ३६० | १००.० | | |

## थुनामा राख्नुपूर्व स्वास्थ्य परीक्षण गरियो ?

| | | फ्रिक्वेन्सी | प्रतिशत |
|---|---|---|---|
| तर्क संगत | गरियो | ३२५ | ९०.३ |
| | गरिएन | ३५ | ९.७ |
| | जम्मा | ३६० | १००.० |

## प्रहरीले खाना दियो ?

| | | फ्रिक्वेन्सी | प्रतिशत |
|---|---|---|---|
| तर्क संगत | दियो | ३४० | ९४.४ |
| | दिएन | २० | ५.६ |
| | जम्मा | ३६० | १००.० |

## परिवारसँग भेट गर्न दियो ?

| | | फ्रिक्वेन्सी | प्रतिशत |
|---|---|---|---|
| तर्क संगत | दियो | २६५ | ७३.६ |
| | दिएन | ९५ | २६.४ |
| | जम्मा | ३६० | १००.० |